का.जि.प्र.का.द.नं. १००/०५२/६०
१ मंसिर २०८३
मंगलबार
17 November 2026
Tuesday
नेपाल संवत् ११४७
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २४, अंक २८६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



‘फेसबुक’मै सरकार

प्रधानमन्त्री वालेन्द्र शाहले सरकारी निर्णय र सार्वजनिक महत्त्वका सूचना व्यक्तिगत फेसबुकबाट सार्वजनिक गर्न थालेपछि सरकारको आधिकारिक सूचना प्रणाली र संस्थागत जवाफदेहितामाथि प्रश्न उठेको छ।



सपना बोहरा/मध्यान्ह
काठमाडौं, ३० कात्तिक

प्रधानमन्त्री वालेन्द्र शाहले जिम्मेवारी सम्हालेपछि आफ्नो व्यक्तिगत फेसबुक पेजलाई सरकारी निर्णय र सार्वजनिक सन्देश प्रवाहको प्रमुख माध्यम बनाउँदै आएका छन्। यी पाँच दृष्टान्तले उनको फेसबुक सामान्य राजनीतिक टिप्पणीका माध्यममा मात्र सीमित नरहेको देखाउँछन्। सरकारी नीतिगत निर्णय, सार्वजनिक सेवा, नागरिकको अधिकार र विपद्का बेलाका महत्त्वपूर्ण सूचनासमेत त्यहींबाट सार्वजनिक भइरहेका छन्।

सामाजिक सञ्जालमार्फत नागरिकसम्म छिटो पुग्न सकिन्छ। प्रधानमन्त्रीको फेसबुकमा लाखौं फलोअर हुनु र सरकारी निकायका पेजमा तुलनात्मक रूपमा कम पहुँच हुनु पनि यसको एउटा कारण हुन सक्छ। तर यसले सरकारको आधिकारिकता र संस्थागत जवाफदेहितामाथि भने प्रश्न उब्जाएको छ।

प्रधानमन्त्रीले फेसबुकमा लेखेको कुरा नै सरकारी निर्णय हो कि होइन भन्ने अन्योल नागरिकमा पर्न थालेको छ। कतिपय अवस्थामा सामाजिक सञ्जालमा आएका प्रधानमन्त्रीको पोस्ट नै सरकारी सूचनाको पहिलो र मुख्य स्रोत बन्ने गरेको छ। >>> पृष्ठ २ मा



बाबुराम अर्याल
कानुन व्यवसायी

पद बहाली गर्दा जुन संस्थाको शपथ खाएको हुन्छ, सोही संस्थाबाट नै सूचना सार्वजनिक गर्दा उत्तम हुन्छ। प्रधानमन्त्रीले पोस्ट गर्ने हरेक सूचना आधिकारिक र पुष्टिका कुरा हुन्छन्, जो संवेदनशील कुरा हुन्।

अर्थमन्त्री स्वर्णिम वाग्लेले २०८३ जेठ १५ मा बजेटमार्फत निजी शिक्षा तथा स्वास्थ्य सेवामा तीन प्रतिशत कर लगाउने घोषणा गरे। व्यापक विरोधपछि प्रधानमन्त्री शाहले २० दिनमै उक्त कर फिर्ता लिने घोषणा फेसबुकबाट गरे। मन्त्रिपरिषद्को औपचारिक निर्णय हुनुभन्दा एक दिनअघि नै उनले सूचना सार्वजनिक गरेका थिए।

२०८३ वैशाख २१ मा प्रधानमन्त्री शाहले भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई सुरक्षित स्थानमा व्यवस्थापन गर्ने र अन्य भूमिहीनका हकमा आयोगको सिफारिस तथा तथ्यांकका आधारमा निर्णय लिने धारणा फेसबुकबाट सार्वजनिक गरे। हजारौं नागरिकको आवास र भविष्यसँग जोडिएको विषयको आधिकारिक विवरण भने सरकारी निकायबाट सार्वजनिक भएन।

विद्यार्थी तथा कर्मचारी संगठन खारेज गर्ने निर्णयबारे पनि प्रधानमन्त्रीले व्यक्तिगत फेसबुकबाट धारणा सार्वजनिक गरे। शिक्षा, कर्मचारी प्रशासन, ट्रेड युनियन अधिकार र सार्वजनिक संस्थाको व्यवस्थापनसँग जोडिएको विषयको कानुनी आधार र कार्यान्वयन प्रक्रिया सम्बन्धित सरकारी निकायबाट आउनुपर्ने हो।

२०८३ भदौ ११ मा ठुलो विपद् आएपछि प्रधानमन्त्री शाहले फेसबुकबाट उद्धार तथा राहतको विवरण सार्वजनिक गरे र नियमित अपडेट पनि आफ्नै व्यक्तिगत पेजबाट गरे।

गत कात्तिक १४ मा प्रधानमन्त्रीले लुडो र कलब्रेकजस्ता खेल नेपालमै बनेको उल्लेख गर्दै गेमिङ उद्योगका लागि सरकारले नियम सहज बनाउने फेसबुक पोस्ट गरे। यो व्यक्तिगत धारणा नभई उद्योग नीति र नियमनसँग जोडिएको विषय थियो। यसको विस्तृत आधार र कार्यान्वयन प्रक्रिया सम्बन्धित मन्त्रालयबाट सार्वजनिक हुनुपर्ने हो।




तारानाथ दाहाल
सूचनाको हक अभियान्ता

सूचना सार्वजनिक हुनु महत्त्वपूर्ण कुरा हो, तर सामाजिक सञ्जालमा आएको सरकारका सूचना प्रमाणित नहुन पनि सक्छन्। सरकारका प्रमुख व्यक्तिले आफनो निजी सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेका सूचनाहरूले नागरिकमा अन्योल पैदा गर्नु हुँदैन।

एमाले राष्ट्रिय भेला

संकट टार्ने कसरत



स्थानीय तह निर्वाचनको तयारी भन्दै एमालेले राष्ट्रिय भेला बोलाए पनि पार्टीभित्र नेतृत्वको कार्यशैली, निर्वाचन पराजय र संगठनात्मक कमजोरीबारे असन्तुष्टि चर्किएको छ। भेला प्रश्नमाथि समीक्षा गर्ने मञ्च बन्छ कि नेतृत्वका निर्णय कार्यान्वयन गराउने जमघटमै सीमित हुन्छ, चासो त्यसैमा छ।

जीवन शर्मा/मध्यान्ह
काठमाडौं, ३० कात्तिक

नेकपा एमालेले स्थानीय चुनावकेन्द्रित अभियानका लागिभन्दै राष्ट्रिय भेला बोलाएको छ। आफ्नै सरकारका पालामा भएको जेनजी आन्दोलन र त्यसपछि पार्टीभित्र र बाहिरको दबावका बीच रक्षात्मक बनेका अध्यक्ष केपी शर्मा ओलीले मंसिर २ र ३ गतेका लागि राष्ट्रिय भेला बोलाएका हुन्।

राष्ट्रिय राजनीतिलाई स्पष्ट दिशानिर्देश गर्न र पार्टी केन्द्रीय कमिटीको तेस्रो पूर्ण बैठक (२०८३ असोज ५ देखि ८)ले पारित दुई प्रमुख कार्यभार र गर्नुपर्ने १५ कामलाई एकजुट भई कार्यान्वयन गर्ने उदेश्यले भेला बोलाइएको एमालेले जनाएको छ। तर पार्टीभित्र झाँगिएको आन्तरिक असन्तुष्टिमाथि लेप लगाउन अध्यक्ष ओलीले अनेकन उपायको खोजी गर्ने क्रममा राष्ट्रिय भेला बोलाएको एमालेकै नेताहरूले दाबी गरेका छन्। >>> पृष्ठ २ मा

> जेनजी आन्दोलन र त्यसपश्चात् भएको प्रतिनिधिसभाको निर्वाचनमा पार्टीले व्यहोरेको क्षतिका बारेमा पार्टीभित्र गम्भीर समीक्षा गर्नुपर्ने विषयलाई सम्बोधन गर्न राष्ट्रिय भेलाले सहयोग पुऱ्याउँछ।
>
> **शंकर पोखरेल**, महासचिव



> पार्टीलाई विधिसम्मत तरिकाले चलाउनुपर्ने विषयमा कमरेड विद्या भण्डारीले स्पष्ट अडान राख्नुहुन्छ, बाहिर आएजस्तो नेतृत्वसँगै मिलेर एजेन्डा नै छाड्ने हो कि भन्ने अवस्था छैन।
>
> **कर्णबहादुर थापा**, नेता



वैदेशिक रोजगार विशेष

युएईमा नेपालीले आधा दर्जन समस्याबारे गृहमन्त्रीलाई गराए ध्यानाकर्षण

निशान्त पाठक/मध्यान्ह
दुबई, युएई, ३० कात्तिक

संयुक्त अरब इमिरेट्स (युएई)मा रहेका प्रवासी नेपालीहरूले गृहमन्त्री सुदन गुरुङलाई आधा दर्जनभन्दा बढी समस्या समाधानका लागि ध्यानाकर्षण गराएका छन्। नेपालीहरूले युएईमा घरेलु कामदारका रूपमा काम गरिरहेका कतिपय नेपाली महिला श्रमिक धेरै वर्षदेखि नेपाल फर्कन नपाएको पीडा सुनाएका छन्।

करार अवधि सकिएपछि नेपाल आई पुनः रोजगारीमा फर्कन श्रम स्वीकृति नपाइने डरले बर्सौंदेखि परिवार भेट्नसमेत आउन सकेका छैनन्। यस विषयमा नेपाल सरकारले विशेष पहल गरिदिनुपर्ने माग उनीहरूको छ। प्रवासी नेपालीहरूले ४५-५० डिग्रीसम्मको चर्को गर्मीमा दैनिक १३-१४ घण्टासम्म काम गर्दा मासिक तलब जम्मा ८ देखि ९ सय दिराम मात्र पाइरहेको भन्दै न्यूनतम तलब कम्तीमा >>> पृष्ठ २ मा

URGENT VACANCY ANNOUNCEMENT
WE ARE HIRING
यस प्रतिष्ठित म्यानपावर कम्पनीका लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
☑ Receptionist - 2 (Female)
☑ PRO - 4 (Male/Female)
Salary Negotiable
Requirements :-
- Good communication and interpersonal skills.
- Smart, confident and well-presented personality.
- Experienced in related fields.

Send Your CV at isonepalos@gmail.com
Ishan International Overseas Pvt. Ltd.
Head Office: Sinamangal-09, Kathmandu, BAGMATI, Tel: +01-4796201
URL: www.ishanintl.com.np

एनपिएल प्लेअफ

मंगलबारदेखि उपाधि भिडन्त

काठमाडौं/मस– नेपाल प्रिमियर लिग (एनपिएल) को तेस्रो संस्करणको उपाधि भिडन्त मंगलबारदेखि सुरु हुँदै छ। लिग चरणका २८ खेलपछि शीर्ष चारमा रहेका लुम्बिनी लायन्स, सुदूरपश्चिम रोयल्स, काठमाडौं गोर्खाज र चितवन राइनोज प्लेअफमा प्रवेश गरेका छन्। >>> पृष्ठ २ मा



संसद् खोज्दै विपक्षी

सरकारले संघीय संसद्को अधिवेशन बोलाउने विषयमा औपचारिक रूपमा कसैसँग संवाद गरेको छैन। यो पृष्ठभूमिमा विपक्षी दलहरूले संसद् खोज्दै सरकारमाथि दबाब बढाएका हुन्।



> सरकारले न्यायालयमाथि हस्तक्षेप बढायो। प्रधानमन्त्री कार्यालयलाई कर्मचारीका लागि यातनागृह बनाइयो। प्रहरीमाथि हस्तक्षेप बढाइयो। राज्यका संस्थाहरूमाथि हस्तक्षेप भयो। यो गलत छ।
>
> **भीष्मराज आङ्देम्बे**
> विपक्षी दलका नेता

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, ३० कात्तिक

सोमबार गृहजिल्ला पाँचथरमा आयोजित पाँचथर बहुमुखी क्याम्पसको साधारणसभामा बोल्नेक्रममा प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले राष्ट्रिय राजनीति सम्झिए। कैयन् राष्ट्रिय मुद्दा उठाउन नपाइएको भनेर उनले पाँचथरबाटै सरकारलाई संघीय संसद्को अधिवेशन आह्वान गर्न माग गरे।

'सरकारले न्यायलयमाथि हस्तक्षेप बढायो। प्रधानमन्त्री कार्यालयलाई कर्मचारीका लागि यातना गृह बनाइयो, प्रहरीमाथि हस्तक्षेप बढायो,' संसद् अधिवेशनको आवश्यकता औंल्याउँदै उनले भने, 'राज्यका लोकतान्त्रिक संस्थाहरूमाथि हस्तक्षेप भयो। यो गलत छ।'

यसअघि नै कांग्रेससहितका विपक्षी दलहरूले संघीय संसद्को बैठक आह्वान गर्न सरकारसँग माग गरिसकेका छन्। १६ कात्तिक २०८३ मा सिंहदरबारस्थित कांग्रेस संसदीय दलको कार्यालयमा विपक्षी दलहरूको बैठक बसेको थियो। उक्त बैठकले संघीय संसद्को बैठक तत्काल आह्वान गर्न माग गर्ने निर्णय गरेको थियो।

तर सरकारले अधिवेशन बोलाउने विषयमा औपचारिक रूपमा राजनीतिक दलहरू, सभामुखलगायतसँग संवाद गरेको छैन। यो पृष्ठभूमिमा विपक्षी दलहरूले संसद् खोज्दै सरकारमाथि दबाब बढाएका हुन्।

संसद् अधिवेशन मात्रै होइन, यसबीचमा संसदीय विषयगत समितिसमेत >>> पृष्ठ २ मा

‘बुंकुस’ उपयोग गर्न आग्रह

तिलोचन गौतम/मध्यान्ह
क्वालालम्पुर, ३० कात्तिक

नेपाली राजदूतावास मलेसियाले मलेसियामा अवैधानिक रूपमा बसोबास गर्दै आएका नेपाली नागरिकलाई यथाशीघ्र घरफिर्ती कार्यक्रममार्फत स्वदेश फर्कन आग्रह गरेको छ।

व्यापक धरपकड र डिपोर्टका माध्यमबाट अवैधानिक श्रमिक सफाइको अभियान चलाइएको छ। मलेसिया सरकार गैरकानुनी रूपमा बसोबास गर्ने बिदेसी नागरिकविरुद्ध कडाइका साथ उत्रिएको छ। १० महिनामा २ लाख ४३ हजारलाई डिपोर्ट र ७० हजारजनालाई पक्राउ गरेको बताइएको छ।

मलेसियामा आप्रवासी श्रमिकमाझ ‘बुंकुस’ नामले चिनिने आममाफी तथा स्वदेश फिर्ती कार्यक्रम >>> पृष्ठ २ मा

अपाङ्गता भएका व्यक्तिलाई अवसर र सम्मान दिऔं

अपाङ्गता भएका व्यक्तिलाई:
- शिक्षा र रोजगारीमा अवसर सुनिश्चित गरौं,
- निर्णय प्रकृयामा सहभागी गराऔं,
- सार्वजनिक संरचनाहरु अपाङ्ग मैत्री बनाऔं।



नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

दूधको मूल्य नबढाए आन्दोलन गर्ने चेतावनी



काठमाडौं/मस- चितवनका दुग्ध किसानहरूले दूधको मूल्यवृद्धि गर्न माग गरेका छन् । चितवन जिल्ला दुग्ध उत्पादक सहकारी संघले सोमबार चितवनमा पत्रकार सम्मेलन गर्दै दुधको मूल्य बढाउन माग गरेको हो ।

उत्पादक सहकारी संघका अध्यक्ष किशोर बगालेले सरकारले दूधको मूल्य वृद्धि नगरे आन्दोलनमा उत्रने चेतावनी दिए ।

देशमा खाद्यान्न र पशु आहारको मनपरी मूल्य वृद्धिका कारण किसान मर्कामा परिरहेको उनले बताए । उनले प्रत्येक २ वर्षमा दूधको मूल्य पुनरावलोकन गर्ने व्यवस्था गरिएको भए पनि सो विषयमा कुनै छलफल हुन नसकेको गुनासो गरे ।

पटक-पटक कृषि मन्त्रालय लगायत सरोकारवालाहरूमा ज्ञापनपत्र बुझाउँदासमेत सरकारले चासो नदिएको उनको भनाइ छ ।

हाल ६५ रुपैयाँ प्रतिलिटरमा बिक्री हुँदै आएको दूधको मूल्य ७५ रुपैयाँ हुनुपर्ने माग किसानहरूको छ । २०७६ सालमा दूधमा आत्मनिर्भर जिल्ला घोषणा भएको चितवनमा दैनिक ३ लाख ५५ हजार लिटर दूध उत्पादन हुँदै आएको छ भने करिब ४० किसान यो पेसामा आबद्ध रहेको संघले जनाएको छ ।

पुलमा स्कुटर ठोकिँदा दुई किशोरको मृत्यु, दुईजना घाइते

मध्यान्ह संवाददाता
रौतहट, ३० कात्तिक

रौतहटको राजदेवी नगरपालिका-१ मोतिपुरस्थित झुनखुनवाबाट मोतिपुरतर्फ जाँदै गरेको स्कुटर अनियन्त्रित भई पुलमा ठोक्किँदा दुई किशोरको मृत्यु भएको छ भने अन्य दुई जना गम्भीर घाइते भएका छन् ।

प्रहरीका अनुसार आइतबार दिउँसो करिब ४ बजेको समयमा मधेश प्रदेश ०३-०४२ प १४२९ नम्बरको स्कुटर अचानक आफैं अनियन्त्रित भई सडकको पुलमा ठोकिएर दुर्घटनाग्रस्त भएको थियो । एकै स्कुटरमा क्षमताभन्दा बढी अर्थात् चारजना किशोरहरू सवार रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

दुर्घटनामा परी गम्भीर घाइते यमुनामाई नगरपालिका-५ झुनखुनवा टोल निवासी १८ वर्षीय अनिकेत पासवान र सोही वडाका १६ वर्षीय प्रिन्स पासवानको मृत्यु



भएको हो । दुर्घटनालगत्तै स्थानीय प्रहरी र उद्धारकर्ताहरूको सहयोगमा उनीहरूलाई तत्काल उपचारका लागि प्रादेशिक अस्पताल गौर पुऱ्याइएको थियो । तर, अस्पताल पुऱ्याउनासाथ चिकित्सकहरूले जाँच गर्दा दिउँसो ४:३० बजे दुवै जनालाई मृत घोषणा गरेका थिए ।

उक्त भीषण दुर्घटनामा परेर अन्य दुई जना किशोरहरू पनि घाइते भएका छन् । घाइते हुनेमा रौतहटको यमुनामाई नगरपालिका-५ झुनखुनवा निवासी १५ वर्षीय आकाश पासवान र भारतको बिहारस्थित सीतामढी जिल्ला भकुरहर ग्राम निवासी १७ वर्षीय सुनिल पासवान रहेका छन् ।

घाइतेमध्ये आकाश पासवानको प्रादेशिक अस्पताल गौरमै उपचार भइरहेको छ भने टाउकोमा गम्भीर चोट लागेका भारतीय नागरिक सुनिल पासवानलाई भने गौरमा प्राथमिक उपचारपश्चात थप र विशेष उपचारका लागि वीरगञ्ज पठाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाए । हाल दुवै घाइतेहरूको स्वास्थ्य अवस्था मध्यम रहेको अस्पताल स्रोतले जनाए । एउटै स्कुटरमा चार जना सवार रहेको र तीव्र गतिका कारण मोतिपुर स्थित पुलमा ठोक्किएर दुर्घटना भएको हुन सक्ने प्रहरीको प्रारम्भिक अनुमान छ । दुर्घटनास्थलबाट क्षतिग्रस्त स्कुटर नियन्त्रणमा लिइएको छ भने घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाए । चाडपर्व तथा आवागमनका बेला सवारी साधन चलाउँदा हुने लापबाही र तीव्र गतिले किशोर अवस्थाका युवाहरूमा बढ्दै गएको यसप्रकारको जोखिमले स्थानीय क्षेत्रमा शोकको वातावरण छाएको छ ।

फेसबुकमै...

कात्तिक ११ मा प्रधानमन्त्रीले फेसबुकमा 'समय आएपछि सबैको खराब समय आउनेछ, एक-दुईजना उम्किन्छन् भनेर कसैले सपना नदेखे हुन्छ' भन्ने आशयको पोस्ट गरेका थिए । उक्त पोस्टमा कसलाई लक्षित गरिएको हो भन्ने स्पष्ट थिएन । त्यसबेला सरकारमाथि विभिन्न विषयमा आलोचना भइरहेका थिए । अर्कोतर्फ, पत्रकार पक्राउ र सञ्चारमाध्यममा प्रहरी प्रवेश गरेको विषयले प्रेस स्वतन्त्रता र सरकारको सञ्चार व्यवहारबारे थप आशंका उब्जाएको थियो । यस्तो संवेदनशील समयमा प्रधानमन्त्रीको आधिकारिक जवाफ सामाजिक सञ्जालबाट आएको थियो । कानुन व्यवसायी बाबुराम अर्याल प्रधानमन्त्रीले जुन संस्थाको शपथ लिएको हुन्छ, त्यही संस्थाबाट सूचना सार्वजनिक गर्दा उपयुक्त हुने बताउँछन् ।

प्रधानमन्त्रीले व्यक्तिगत फेसबुक प्रयोग गर्न नपाउने भन्ने नभएको उल्लेख गर्दै उनले भने, 'प्रधानमन्त्रीले पोस्ट गर्ने हरेक सूचनाहरू आधिकारिक र पुष्टिका कुरा हुन्छन्, जो संवेदनशील कुरा हुन् ।'

सरकारका निर्णय, नीतिगत परिवर्तन, नागरिकलाई दिइने निर्देशन र सार्वजनिक महत्त्वका सूचना प्रधानमन्त्रीको व्यक्तिगत फेसबुकबाट सार्वजनिक हुनु प्रविधिको प्रयोग भए पनि त्यसले संस्थागत प्रणालीलाई प्रतिस्थापन गर्न नहुने उनको भनाइ छ। सरकारी सूचना संस्थागत पेजबाट सार्वजनिक नगरी व्यक्तिगत खातालाई प्राथमिकता दिँदा पदवहाली गर्दाको शपथको मर्यादामाथि समेत प्रश्न उठ्ने अर्याल बताउँछन् ।

सामान्यतया सरकारी निर्णय र सार्वजनिक महत्त्वका सूचनाको आधिकारिक स्रोत प्रधानमन्त्री कार्यालय तथा सम्बन्धित सरकारी निकाय हुनुपर्ने हो । तर, प्रधानमन्त्री शाहको कार्यकालमा व्यक्तिगत फेसबुक पेज सरकारी सूचना प्रवाहको मुख्य माध्यम बनेको छ । शाहले सामाजिक सञ्जालमार्फत नागरिकसँग संवाद गर्दै आएका छन् । काठमाडौं महानगरपालिकाको प्रमुख हुँदा पनि उनले फेसबुकलाई आफ्ना निर्णय, सार्वजनिक धारणा र सरकारी निकायप्रतिको असन्तुष्टि व्यक्त गर्ने माध्यम बनाएका थिए । तर अहिले उनी आफैं सरकारको नेतृत्वमा छन् । पहिले सरकारलाई प्रश्न गर्ने माध्यम बनेको फेसबुक अहिले सरकारका निर्णय सार्वजनिक गर्ने माध्यमसमेत बनेको छ ।

निजी शिक्षा तथा स्वास्थ्य क्षेत्रमा प्रस्ताव गरिएको तीन प्रतिशत कर फिर्ता गर्ने घोषणा यसको एउटा उदाहरण हो । बजेटमार्फत कर लगाउने प्रस्ताव आएपछि व्यापक विरोध भएको थियो । प्रधानमन्त्रीले फेसबुकबाट कर फिर्ता लिने घोषणा गरे । तर मन्त्रिपरिषद्को औपचारिक निर्णय हुनुभन्दा एक दिनअघि नै उक्त सूचना सार्वजनिक भएको थियो ।

आर्थिक ऐनमार्फत संसद्बाट पारित भई कार्यान्वयनमा आइसकेको कर खारेज गर्न मन्त्रिपरिषद्को निर्णय र राजपत्रमा सूचना प्रकाशन आवश्यक हुन्छ । त्यसैले प्रधानमन्त्रीको फेसबुक पोस्टले मात्र कानुनी प्रक्रिया पूरा गर्दैन । यस्तो अवस्थामा पोस्टलाई सरकारी निर्णयको पूर्ण विवरण मान्ने कि प्रधानमन्त्रीको राजनीतिक प्रतिबद्धता मात्र बुझ्ने भन्ने अन्योल उत्पन्न हुन्छ।

सूचना अभियन्ता तारानाथ दाहाल सूचना सार्वजनिक हुनु महत्त्वपूर्ण भए पनि माध्यमभन्दा त्यसको आधिकारिकता महत्त्वपूर्ण हुने बताउँछन् । 'सूचना सार्वजनिक हुनु महत्त्वपूर्ण कुरा हो, माध्यम होइन । तर सामाजिक सञ्जालमा आएको सरकारका सूचना प्रमाणित नहुन पनि सक्छन्,' उनी भन्छन् ।

सम्बन्धित कार्यालयको आधिकारिक सूचना आउनुअघि नै प्रधानमन्त्रीको फेसबुक पोस्ट सार्वजनिक हुँदा सञ्चारमाध्यमले त्यसैलाई समाचार बनाउने र नागरिकले सरकारी निर्णयका रूपमा बुझ्ने अवस्था सिर्जना भएको उनको भनाइ छ । 'सरकारका प्रमुख व्यक्तिले आफ्नो निजी सामाजिक सञ्जालमार्फत सार्वजनिक गरेका सूचनाहरूले नागरिकमा अन्योल पैदा गर्नु हुँदैन । सूचना सार्वजनिक गर्नका लागि कुनै पनि सामाजिक सञ्जाल प्रयोग गर्न सकिन्छ तर संस्थागत वेबसाइटलाई पनि ख्याल गर्नुपर्छ,' दाहालले भने । मधेश प्रदेशमा धार्मिक तनावपछि प्रधानमन्त्री शाहले साउन ३० मा राष्ट्रका नाममा सम्बोधन गरेका थिए । विगतमा यस्ता सम्बोधन नेपाल टेलिभिजन र रेडियो नेपालजस्ता सार्वजनिक प्रसारणमाध्यमबाट सार्वजनिक हुने अभ्यास थियो । तर उक्त सम्बोधन पहिले प्रधानमन्त्रीको व्यक्तिगत फेसबुक पेज 'बालेन'बाट प्रसारण गरिएको थियो । राति ८:३७ बजे व्यक्तिगत पेजमा प्रसारण भएको चार मिनेट २९ सेकेन्डको भिडियो प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आधिकारिक फेसबुक पेजमा राति ९:०१ बजे मात्र अपलोड गरिएको थियो । भिडियोमा राष्ट्रिय झण्डा, सरकारी छाप र राष्ट्रपतिको तस्बिरसमेत प्रयोग गरिएको थियो ।

'राष्ट्रिय सम्बोधन कुनै व्यक्तिको निजी सन्देश होइन, राज्यको औपचारिक सन्देश हो । त्यसैले यसको आधिकारिक प्रकाशन र अभिलेखको जिम्मेवारी सरकारी सञ्चार संयन्त्रकै हुनुपर्ने हो,' अधिवक्ता अर्याल बताउँछन् ।

सरकारी सूचना व्यक्तिगत आम्दानी

प्रधानमन्त्री शाहको व्यक्तिगत फेसबुक पेजमा करिब ४६ लाख फलोअर छन् भने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आधिकारिक फेसबुक पेजमा करिब ९४ हजार मात्र छन् । यो अन्तरले सरकारी निकायको डिजिटल सञ्चार प्रणाली कमजोर रहेको संकेत गर्छ । नागरिकसम्म छिटो पुग्न व्यक्तिगत पेज प्रयोग गर्नुको व्यावहारिक पक्ष भए पनि सरकारी पेजलाई प्रभावकारी बनाउने जिम्मेवारीबाट सरकार पन्छिन मिल्दैन ।

प्रधानमन्त्रीको सामाजिक सञ्जाल प्रयोगसँग जोडिएको अर्को प्रश्न व्यक्तिगत ब्रान्ड र डिजिटल आम्दानीको हो । शाहले सम्पत्ति विवरणमा फेसबुक, युट्युबलगायत डिजिटल प्लेटफर्मबाट आम्दानी हुने स्रोत उल्लेख गरेका छन् । उनको बैंक मौज्दात एक करोड ४६ लाख रुपैयाँ रहेको र डिजिटल प्लेटफर्मबाट प्राप्त आम्दानीसमेत सम्पत्ति विवरणमा उल्लेख छ । सार्वजनिक पदमा बसेको व्यक्तिले आफ्नो व्यक्तिगत सामाजिक सञ्जाललाई सरकारी सञ्चारको प्रमुख माध्यम बनाउँदा त्यसबाट प्राप्त हुने आर्थिक लाभको व्यवस्थापनबारे पनि बहस चलिरहेको छ ।

संकट...

वर्तमान राजनीतिक अवस्थाको विश्लेषण, पार्टीको दृष्टिकोण र आगामी कार्यदिशा, पार्टीका 'दुई प्रमुख कार्यभार र गर्नुपर्ने १५ काम'सहितको वैचारिक तथा राजनीतिक मार्गदर्शन गर्ने तय भएको छ । उक्त भेलामा वरिष्ठ नेता विद्यादेवी भण्डारीले मुलुकको समसामयिक विषय र पार्टीको कार्यभारसम्बन्धी विशेष सम्बोधन गर्ने तयारी छ।

त्यस्तै, उपाध्यक्ष रामबहादुर थापाले संसदीय संघर्षसम्बन्धी अभिभारा, अर्का उपाध्यक्ष विष्णुप्रसाद पौडेलले एमाले सरकारमा रहँदा गरिएका महत्त्वपूर्ण काम तथा उपलब्धिको समीक्षा र महासचिव शंकर पोखरेलले पार्टी शुद्धीकरण, सुदृढीकरण तथा स्थानीय निर्वाचन कार्ययोजना प्रस्तुत गर्नेछन् ।

भेलाको सम्पूर्ण तयारी पूरा भएको एमाले प्रचार तथा प्रकाशन विभाग प्रमुख नीरज आचार्यले जानकारी दिए । 'वैचारिक तथा संगठनात्मक एकतालाई सुदृढ बनाउन र मुलुकमा पछिल्लो अवस्थामा देखिएको कुशासन र निराशालाई चिर्दै नयाँ आशा र ऊर्जा सञ्चार गर्ने भेलाको मुख्य उद्देश्य रहेको छ,' आचार्यले भने, 'आगामी स्थानीय तह निर्वाचनको व्यवस्थित पूर्वतयारी, पार्टीपंक्तिमा पार्टीको निर्णय कार्यान्वयन गराउने र राजनीतिक बुझाइ तथा दृष्टिकोणमा एक रूपता ल्याउन भेलाको आयोजना गरिएको हो ।'

एमालेभित्रको असन्तुष्टिकै बीच बोलाइएको राष्ट्रिय भेलालाई लिएर विभिन्न कोणबाट बहस भएका छन् । गत वर्ष भएको जेनजी आन्दोलनपछि एमालेले ११औं राष्ट्रिय महाधिवेशन गरेर पुरानै नेतृत्वलाई निरन्तरता दियो । यद्यपि पूर्वउपाध्यक्ष एवं पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी, तत्कालीन वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्षहरूसहितको टिमले एमालेमा नयाँ नेतृत्व चाहेका थिए । सोहीअनुसार ईश्वर पोखरेलको नेतृत्वमा महाधिवेशनमा खडा भएको टिम पराजित भयो । ओलीकै नेतृत्वमा गत निर्वाचनमा होमिएको एमालेले लज्जास्पद हार व्यहोरे पनि पार्टीभित्र थप उकुसमुकुस भएको थियो ।

११औं महाधिवेशनमा ओलीकै टिमबाट उपाध्यक्ष र महासचिव भएका विष्णु पौडेल र शंकर पोखरेलसहित नेताहरूले नेतृत्वको कार्यशैलिप्रति असन्तुष्टि जनाउँदै विशेष महाधिवेशनसम्मको यात्रा तय गरेका थिए । ओलीले त्यसलाई रोक्न सफल भए । तर पार्टीभित्रको असन्तुष्टि र नेतृत्वमाथिको आक्रोश रोकिएको छैन ।

पार्टी पंक्तिले राष्ट्रिय भेला नभई राष्ट्रिय प्रतिनिधि परिषद् भेला बोलाउन माग गरेको थियो । नेतृत्वले राष्ट्रिय भेलाका नाममा टालटुल गर्न खोजेको नेताहरूले टिप्पणी गरेका छन् । 'पार्टीपंक्तिको उद्देश्य औपचारिक फोरमबाटै पार्टीका कमजोरी केलाउने र सच्चिएर जाने भन्ने थियो,' एमाले नेताले भने, 'यथास्थितिमा पार्टी अघि जाँदैन भन्ने सबैको मत छ, तर नेतृत्वले त्यसलाई टालटुल गरेर असन्तुष्टिमा लेपन लगाउने प्रयासमा छ ।'

राष्ट्रिय भेलाका नाममा पार्टी पंक्तिलाई निर्देशन दिनका लागि मात्रै बोलाएको एमाले संस्थापनइतरका नेताहरूले टिप्पणी गरेका छन् । 'हामीले राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् भेला, विशेष महाधिवेशन वा अर्ली महाधिवेशन गर्ने भनेको हो,' एमालेका एक पदाधिकारीले मध्यान्हसँग भने, 'तर पार्टीमा आन्तरिक एकताका नाममा नेताहरूलाई अनुशासन पालना गराउने र नमाने कारबाही गर्छौं भन्नका लागि मात्रै राष्ट्रिय भेला बोलाइएको हो ।' उक्त भेलाबाट पार्टी पंक्तिको मूल एजेन्डालाई नछुने उनको दाबी छ ।

यो भेलामा पार्टीका वरिष्ठ नेता पूर्वराष्ट्रपति विद्या भण्डारीले पार्टीलाई विधि र विधानसम्मत लैजानुपर्ने र बदलिँदो परिस्थितिमा जनआकांक्षा र पार्टीका आमनेता-कार्यकर्ताको मागलाई सम्बोधन गरेर जानुपर्ने विषयमा प्रस्टसँग आफ्ना कुरा राख्ने भण्डारीनिकटका नेताले बताएका छन् । भण्डारीनिकट मानिएका नेता कर्ण थापाले भने, 'पार्टीलाई विधिसम्मत तरिकाले चलाउनुपर्ने विषयमा कमरेड विद्याभण्डारीले स्पष्ट राख्नुहुन्छ, बाहिर आएजस्तो नेतृत्वसँगै मिलेर एजेन्डा नै छाड्ने हो कि भन्ने उहाँको अवस्था छैन ।' एमालेमा भण्डारी समूहले राष्ट्रिय प्रतिनिधि परिषद् बोलाउने र विशेष महाधिवेशन वा अर्ली महाधिवेशनमा जाने भन्ने नीति लिएको थियो । पछिल्लोपटक महासचिव शंकर पोखरेल पनि सोही विषयमा केन्द्रित छन् । महासचिव शंकर पोखरेलले विगतमा पार्टी सञ्चालन र राज्यसत्ता सञ्चालनका क्रममा भएका कमी-कमजोरीको गम्भीर समीक्षा गर्नुपर्ने बताए ।

पार्टीकै नेतृत्वमा सरकार रहेका बेला २०८२ भदौ २३ र २४ गतेको घटनापछि एमालेको राजनीतिक जीवनमा ठुलो धक्का लागेको र ती घटनाले पार्टीको भविष्यमाथि गम्भीर प्रश्न खडा गरेको उनको दाबी छ । 'जेनजी आन्दोलन र त्यसपश्चात् भएको प्रतिनिधिसभाको निर्वाचनमा पार्टीले व्यहोरेको क्षतिका बारेमा पार्टीभित्र गम्भीर समीक्षा गर्नुपर्ने विषयलाई सम्बोधन गर्न राष्ट्रिय भेलाले सहयोग पुऱ्याउँछ,' महासचिव पोखरेलले मध्यान्हसँग भने, 'आगामी स्थानीय तहको निर्वाचनमा गत निर्वाचनको क्षतिलाई पुनर्भरण गर्न एमालेलाई जनतामाझ कसरी प्रस्तुत गर्ने भन्ने विषयमा पार्टीभित्र गम्भीर छलफल आवश्यक छ । यो भेलाले त्यसलाई सम्बोधन गर्छ भन्ने लाग्छ ।' विगतमा पार्टीले गरेका राम्रा काम र भूराजनीतिक स्वार्थबारे जनतालाई सचेत गराएर जनमत फर्काउन राष्ट्रिय भेलाले मार्गदर्शन गर्ने उनको भनाइ छ । मंसिर २ र ३ गते काठमाडौंमा हुने राष्ट्रिय कार्यकर्ता भेलाले सिंगो पार्टीलाई एउटै राजनीतिक लयमा अघि बढाउने पनि उनले बताए ।

निर्वाचनमा पराजयको समीक्षा गर्न एमालेले सुझाव संकलन कार्यदल बनाएको थियो । कार्यकर्ताबाट प्राप्त सुझावका आधारमा महासचिव शंकर पोखरेलले लेखेको प्रतिवेदनलाई अध्यक्ष ओलीले सच्याएर पारित गराएपछि पार्टीभित्र उनको कार्यशैलिको विरोध भएको थियो । सोही प्रस्तावको जगमा बसेको केन्द्रीय कमिटीको बैठकले पार्टी जीवनमा देखिएका समस्यालाई सूत्रबद्ध गर्दै आगामी दिनमा अघि बढ्न दुई कार्यभार र १५ वटा काम तय गरेको थियो । सोही निर्णयलाई कार्यान्वयनमा ल्याउन राष्ट्रिय भेला आवश्यक रहेको नेताहरूले दाबी गरेका छन् ।

पहिलोपटक स्थानीय तहमा सहभागी

पार्टीको राष्ट्रिय भेलामा पार्टीको मूल नेतृत्वदेखि पालिका तहका कमिटीसम्म र पार्टीका तर्फबाट निर्वाचित जनप्रतिनिधिसमेत कुल तीन हजार ४१४ जनाको सहभागिता रहनेछ । नेकपा (एमाले)को पार्टी जीवनमा पालिका तहका कमिटीदेखि केन्द्रीय नेतृत्व र संसदीय फाँटतर्फ संघीय संसद्देखि स्थानीय तहसम्मका जनप्रतिनिधि एकै ठाउँमा सहभागी हुने गरी राष्ट्रिय भेला आयोजना गरिएको एमालेले जनाएको छ ।

भेलामा केन्द्रीय कमिटी, केन्द्रीय निकाय, केन्द्रीय प्रतिनिधि, पार्टीका प्रदेश र जिल्ला कमिटीका पदाधिकारीहरू (प्रवासबाट समेत) र पालिका कमिटीका अध्यक्ष र उपाध्यक्षहरू सहभागी हुनेछन् । त्यसैगरी, जनप्रतिनिधितर्फ संघीय सांसद, प्रदेशसभा सदस्य, जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख एवं पालिकाका प्रमुख र उपप्रमुख एवं अध्यक्ष र उपाध्यक्ष, जनसंठनका प्रतिनिधि, विभिन्न उपसमितिमा रहेका नेता एवं भेला व्यवस्थापनमा खटिने स्वयंसेवक सहभागी हुनेछन् । संख्याका हिसाबले राष्ट्रिय भेला महाधिवेशनभन्दा ठुलो र प्रतिनिधित्वको हिसाबले सबै क्षेत्र समेटिएको एमालेको दाबी छ ।

भेलामा ३४६ जना केन्द्रीय सदस्य, केन्द्रीय निकायबाट ८१ जना तथा प्रदेश भूगोलका आठ प्रदेश कमिटी, भारत प्रवास र प्रवासी नेपाली मञ्चका तर्फबाट ५५ जना सहभागी हुनेछन् । त्यसैगरी, ७७ जिल्ला, सम्पर्क कमिटीअन्तर्गतका सात जिल्ला कमिटी र राजधानी प्रदेशअन्तर्गतका चार जिल्लासहित जिल्ला तहबाट ४ सय ४० जनाको सहभागिता रहनेछ । पालिका कमिटीका अध्यक्ष तथा पदाधिकारीमध्येबाट एकजनाका दरले १ हजार ५०६ जना सहभागी हुने संगठन विभाग प्रमुख भानुभक्त ढकालले जानकारी दिए । यसैगरी, संघीय संसद् तथा राष्ट्रिय सभासहित ३५ जना, प्रदेशसभा सदस्य १५५ जना, स्थानीय तहका निर्वाचित प्रतिनिधिमध्ये मेयर तथा गाउँपालिका अध्यक्ष १९६ जना, उपमेयर तथा गाउँपालिका उपाध्यक्ष ३४२ जना र जनसंगठनबाट ९६ जना सहभागी हुने ढकालले बताए ।

मंगलबारदेखि...

अब चार खेलबाट यस संस्करणको विजेता तय हुनेछ । मंगलबार हुने पहिलो क्वालिफायरमा लिग चरणको शीर्ष टोली लुम्बिनी लायन्स र दोस्रो स्थानको सुदूरपश्चिम रोयल्स भिड्नेछन् । त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदान कीर्तिपुरमा साँझ ५ बजे सुरु हुने खेलको विजेता सिधै फाइनल पुग्नेछ । पराजित टोलीले पनि उपाधि यात्रालाई निरन्तरता दिने अर्को अवसर पाउनेछ । उसले दोस्रो क्वालिफायर खेल्नेछ ।

बुधबार हुने एलिमिनेटरमा तेस्रो स्थानको काठमाडौं गोर्खाज र चौथो स्थानको चितवन राइनोज आमनेसामने हुनेछन् । यो खेलमा पराजित हुने टोली प्रतियोगिताबाट बाहिरिनेछ । विजेता भने दोस्रो क्वालिफायरमा पुग्नेछ । पहिलो क्वालिफायरमा पराजित टोली र एलिमिनेटरको विजेताबीच बिहीबार दोस्रो क्वालिफायर हुनेछ । त्यसको विजेताले शनिबार हुने फाइनलमा स्थान बनाउनेछ । फाइनल खेल पनि कीर्तिपुरमै साँझ ५ बजे हुनेछ ।

लिग चरणमा सात खेल खेलेको लुम्बिनीले पाँच जित, एक हार र एक नतिजाविहीन खेलबाट ११ अंक जोड्दै शीर्ष स्थान सुरक्षित गरेको हो । पाँच खेल जितेको सुदूरपश्चिमले १० अंकसहित दोस्रो स्थान हासिल गऱ्यो । काठमाडौंले चार जितबाट आठ अंक जोडेर तेस्रो स्थान पक्का गर्दा चितवन तीन जित र एक नतिजाविहीन खेलबाट सात अंकसहित चौथो भयो । लिग चरणको अन्तिम खेलले प्लेअफको समीकरणमा काठमाडौंको स्थान भने बदल्यो । आइतबार भएको खेलमा पोखरा एभेन्जर्सले काठमाडौंलाई ५५ रनले पराजित गरेपछि काठमाडौं दोस्रो स्थानमा उक्लने अवसरबाट चुक्यो । पोखराले पहिले ब्याटिङ गर्दै २० ओभरमा तीन विकेट गुमाएर २२४ रन बनाएको थियो । जवाफमा काठमाडौंले नौ विकेट गुमाएर १६९ रन मात्र बनाउन सक्यो ।

अन्तिम खेलअघि काठमाडौंसँग शीर्ष दुईमा पुग्ने सम्भावना थियो । तर, पोखरासँगको हारपछि टोली तेस्रो स्थानमा सीमित भयो । त्यससँगै उसले पहिलो क्वालिफायर खेल्ने अवसर गुमायो र अब एलिमिनेटरबाट फाइनल यात्राका लागि संघर्ष गर्नुपर्ने भएको छ ।

चितवनले पनि लिग चरणको अन्तिम खेलमा कर्णाली याक्ससँग २४ रनको हार बेहोरेको थियो । तर, त्यसअघि नै शीर्ष चारमा स्थान सुरक्षित गरिसकेको चितवनले चौथो स्थान कायम राख्यो ।

लिग चरणको अंकतालिकामा पाँचौं स्थानमा रहेको विराटनगर किंग्स र छैटौं स्थानको कर्णाली याक्सले समान ६ अंक जोडे । पोखरा एभेन्जर्स र जनकपुर बोल्ट्सले चार-चार अंक पाएर क्रमशः सातौं र आठौं स्थानमा लिग यात्रा टुंग्याए ।

संसद...

निष्क्रियप्रायः छ । यसप्रति पनि विपक्षी दलहरूको असन्तुष्टि छ ।

प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिको बैठक तत्काल बोलाउन माग गर्दै विपक्षी दलका सांसदहरूले समिति सभापतिलाई लिखित पत्रसमेत बुझाएका छन् ।

नेपाली कम्युनिस्ट पार्टीका प्रमुख सचेतक युवराज दुलाल र राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले १८ कात्तिक २०८३ मा समिति सभापति हरि ढकालसहित जिल्ला तहबाट ४ सय ४० जनाको सहभागिता रहनेछ । पालिका कमिटीका अध्यक्ष तथा पदाधिकारीमध्येबाट एकजनाका दरले १ हजार ५०६ जना सहभागी हुने संगठन विभाग प्रमुख भानुभक्त ढकालले जानकारी दिए । यसैगरी, संघीय संसद् तथा राष्ट्रिय सभासहित ३५ जना, प्रदेशसभा सदस्य १५५ जना, स्थानीय तहका निर्वाचित प्रतिनिधिमध्ये मेयर तथा गाउँपालिका अध्यक्ष १९६ जना, उपमेयर तथा गाउँपालिका उपाध्यक्ष ३४२ जना र जनसंगठनबाट ९६ जना सहभागी हुने ढकालले बताए ।

त्यसैगरी, नेपाली कांग्रेसका राज्य व्यवस्था तथा सुशासन समिति सदस्यहरूले पनि २० कात्तिकमा समिति सभापति ढकाललाई पत्र लेख्दै तत्काल बैठक बोलाउन माग गरेका थिए । कांग्रेसका सांसदहरू अर्जुननरसिंह केसी, निश्चल राई, भीष्मराज आङ्देम्बे र रेखाकुमारी यादवले बैठकको माग गरेका हुन् ।

तर विपक्षी दलहरूको मागअनुसार राज्य व्यवस्था समितिको बैठक बस्न सकेको छैन । समिति सदस्यहरूका अनुसार चाडपर्वको समय परेको र सांसदहरू काठमाडौंबाहिर रहेकोले समस्या रहेको बताउँछन् । साथै, समसामयिक विषयमा छलफल गर्न खोज्दा पनि गृहमन्त्री विदेश जाने तयारीमा रहेपछि सम्भव भएन ।

यहीबीचमा राज्य व्यवस्था समितिका सभापति हरि ढकालसहितका रास्पाका २० जना सांसद चीन भ्रमणमा गएका छन् ।

अर्थात्, एकातिर संघीय संसद्को अधिवेशन छैन । अर्कोतिर संसदीय समितिको बैठक पनि बस्न सकिरहेको छैन । यहीबेला प्रमुख प्रतिपक्षी कांग्रेस संसदीय दलका नेता आङ्देम्बेले सरकार र सत्तारुढ दलले संसद् छलिरहेको भनेर सार्वजनिक रूपमै प्रश्न उठाएका हुन् ।

युएईमा...

१ हजार ८०० देखि २ हजार दिरामसम्म पुऱ्याउने विषयमा युएई सरकारसँग कूटनीतिक पहल गरिदिन माग गरेका छन् । यसबाट लाखौं नेपाली श्रमिकलाई राहत मिल्ने उनीहरूले बताएका छन् ।

थोरै कम्पनीले मात्रै नियमित तलब दिने तर कतिपय कम्पनीले महिनौंसम्म तलब नदिएको उनीहरूको गुनासो छ । नेपालमा आमा-बुबाको मृत्यु हुँदा वा परिवारमा ठुलो विपत्ति पर्दासमेत बिदा नदिने मात्र होइन, पासपोर्ट नै लुकाएर नेपाल जान नदिएका गुनासा पनि उनीहरूले मन्त्री गुरुङलाई सुनाएका छन् ।

युएई र नेपालबीच श्रम सम्झौता छ । तर कतिपयले सम्झौतामा उल्लेख भएको काम, तलब र सेवा-सुविधा नदिने र कसैले काम नै नपाएर अलपत्र पर्ने गरेका छन् ।

नेपालीहरूले यस्ता कम्पनीहरूको मागपत्र प्रमाणीकरण र वास्तविक रोजगारीको अवस्थाबारे कडा अनुगमन गर्न माग गरेका छन् । कतिपय नेपालीहरू अन्जानमा कानुनी समस्यामा फसेर जेलमा छन् । कतिपयले आफ्नो सजाय वा कानुनी प्रक्रिया पूरा गरिसक्दा पनि फर्कने टिकट जुटाउन नसकेका कारण नेपाल फर्कन पाएका छैनन् । कसैको आवश्यक कागजात नबनेको र कसैलाई कानुनी सहयोगको आवश्यकता भए पनि सहयोग पाउन नसकेको उनीहरूले बताएका छन् ।यस्ता समस्यामा परेका नेपालीहरूलाई आवश्यक कानुनी सहयोग, यात्रा कागजात तथा स्वदेश फर्कने टिकटको व्यवस्था गरी छिटोभन्दा छिटो नेपाल फर्काउन पहल गर्न पनि नेपालीहरूको माग छ । युएईमा बसेर नेपाली समुदायसँग प्रत्यक्ष जोडिएर काम गर्दा सुन तस्करी, अवैध हुन्डी कारोबार, मानवतस्करी तथा नेपालीलाई विभिन्न प्रलोभनमा पारेर ठगी गर्नेहरूमाथि आवश्यक छानबिन तथा नियन्त्रण गर्न माग पनि गरिएको छ । संख्या बढ्दै जाँदा युएईमा नेपाली श्रमिकका समस्या र गुनासा पनि बढेका छन् । यहाँ कार्यरत वा व्यवसाय गरी बसेका नेपालीहरूले हरेकपटक नेपाल सरकारका मन्त्रीहरूको युएई भ्रमणमा ज्ञापनपत्रमार्फत ध्यानाकर्षण गराउने गरेका छन् । तथापि समस्याको ठोस समाधान भएको महसुस नभएको पनि कतिपयको भनाइ छ ।

रेमिट्यान्स पठाउने नेपालीहरूलाई विशेष सहुलियत र सुविधा दिनुपर्ने माग समेत नेपालीहरूले राखेका छन् ।

'बुंकुस'...

(पिआरएम २.०)को म्याद आगामी मे २०२७ सम्म थपिएको छ । मलेसियाको अध्यागमन विभागका अनुसार अवैधानिक रूपमा बसेका विदेशी नागरिकले कुनै कानुनी कारबाही वा जेल सजायबिना नै तोकिएको जरिवाना तिरेर स्वदेश फर्किन पाउने गरी यो अवधि लम्ब्याइएको हो । भिसा अवधि सकिएर बसेकाका लागि ५ सय रिंगेट, भिसाको सर्त उल्लंघन गरेकाहरूका लागि ३ सय रिंगेट जरिवाना तोकिएको छ ।

युएईमा रोजगार
कम्पनी : AL DAR AL MUBARAK CLEANING SERVICES शहर : UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/०८ चलानी नं.: ६०२३६३४३ L.T. No.: 322278 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या		न्यूनतम योग्यता	मासिक तलब		ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना बस्ने सुविधा	करार अवधि
		पुरुष	महिला		AED	नेरु.						
1.	TILE LAYER	39

घोषणापत्रका प्रतिबद्धता कार्यान्वयन गर्ने समय आयो : रवि लामिछाने

काठमाडौं/मस– सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवं पूर्वउपप्रधानमन्त्री रवि लामिछानेले चुनावी घोषणापत्र र नारामा सीमित भएका प्रतिबद्धतालाई व्यवहारमा कार्यान्वयन गर्ने समय आएको बताएका छन् ।

उनले जनताले दिएको मतलाई जिम्मेवारीका रूपमा लिँदै मधेससहित देशभरका समस्या प्राथमिकताका आधारमा समाधान गर्न पार्टीले नीतिगत काम अघि बढाउने बताएका हुन् । सोमबार जनकपुरधाममा पार्टीका सांसद डा.अमरेशकुमार सिंहको मेची-महाकाली पदयात्राका लागि झण्डा हस्तान्तरण कार्यक्रममा बोल्दै लामिछानेले नयाँ कानून निर्माण, विद्यमान कानुनको सुधार तथा नागरिकका हकअधिकार सुनिश्चित गर्ने कामलाई प्राथमिकता दिने बताए । उनले घोषणापत्रमा धेरै कुरा लेखिए पनि ती प्रतिबद्धतालाई व्यवहारमा उतार्नु मुख्य चुनौती रहेको उल्लेख गरे ।

लामिछानेले मधेश र सिंगो देशका समस्यालाई प्राथमिकताका आधारमा सम्बोधन गर्नुपर्ने बताउँदै त्यसका लागि नीतिगत सुधार आवश्यक रहेको बताए ।



पार्टीको काँधमा ठुलो जिम्मेवारी आएको उल्लेख गर्दै उनले काम गर्ने क्रममा कमजोरी भए सच्याएर अघि बढ्ने बताए ।

सभापति लामिछानेले भने, 'राष्ट्रिय स्वतन्त्र पार्टीले मधेससहित सिंगो देशका समस्या पहिचान गरी आवश्यकता र प्राथमिकताका आधारमा नीतिगत सुधार गर्नेछ । नयाँ कानुन निर्माण, विद्यमान कानुनको परिमार्जन र नागरिकका हकअधिकार सुनिश्चित गर्नु हाम्रो प्रमुख जिम्मेवारी हो । घोषणापत्रका प्रतिबद्धतालाई व्यवहारमा उतार्ने यात्रा सुरु भइसकेको छ । चुनौती आए पनि सम्हालिँदै अघि बढ्छौं ।'

उनले संघीय शासन व्यवस्थाभित्र प्रदेश संरचनालाई कसरी प्रभावकारी बनाउने भन्ने विषयमा राष्ट्रिय बहस आवश्यक रहेको पनि बताए । प्रदेश संरचनालाई बलियो बनाउने विषयमा रास्वपाले विगतदेखि नै धारणा राख्दै आए पनि त्यसबापत विभिन्न आक्षेप खेप्नुपरेको उनको भनाइ छ । उनले प्रदेश सरकार हरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्ने, प्रदेशको भूमिका थप स्पष्ट बनाउने र स्थानीय तहलाई नागरिकका आवश्यकताअनुसार अधिकारसम्पन्न बनाउने विषयमा छलफल अघि बढाइने बताए ।

प्रदेश संरचनाको सुधार र पुनरावलोकनको विषय उठाउँदा अनावश्यक रूपमा तर्सिने वा त्यसको गलत अर्थ लगाउने प्रवृत्ति रहेको भन्दै उनले यस्ता बहसबाट पछि हट्न नहुने बताए । लामिछानेले रास्वपाले यस विषयमा छिट्टै राष्ट्रिय बहस सुरु गर्ने र अन्य राजनीतिक दल तथा शक्तिहरूसँग सहकार्य गर्दै सहमतिका आधारमा अघि बढ्ने पनि बताए ।

सभापति लामिछानेले भने, 'अब प्रदेश संरचनालाई कसरी मजबुत बनाउने, त्यसलाई जनताको जीविकासँग कसरी जोड्ने र स्थानीय तहलाई थप अधिकारसम्पन्न कसरी बनाउने भन्ने विषयमा राष्ट्रिय बहस आवश्यक छ । प्रदेश सरकारहरूलाई स्थिर र प्रभावकारी बनाउँदै संघीय संरचनामा आवश्यक सुधार गर्नुपर्छ । यी विषयमा हुने बहसलाई गलत अर्थमा बुझ्नु हुँदैन । रास्वपाले सबै राजनीतिक दल र शक्तिसँग संवाद तथा सहकार्य गर्दै सहमतिका आधारमा यो बहस चाँडै अघि बढाउनेछ ।' उनले जनताले रास्वपालाई दिएको मतलाई निर्विकल्प जिम्मेवारीका रूपमा व्याख्या गर्दै आवश्यकता र प्राथमिकता पहिचान गरेर काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

भारत, चीन र इजरायलका लागि राजदूत नियुक्त

काठमाडौं/मस– राष्ट्रपति रामचन्द्र पौडेलले भारत, चीन र इजरायलका लागि नेपालको आवासीय राजदूत नियुक्त गरेका छन् ।

सरकारको सिफारिसमा राष्ट्रपति पौडेलले सोमबार डा. निश्चलनाथ पाण्डेलाई भारतका लागि, डा. कल्याणराज शर्मालाई चीनका लागि र सुरेशकुमार कर्णलाई इजरायलका लागि आवासीय राजदूत नियुक्त गरेका हुन् ।

नेपालको संविधानको धारा २८२ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा उनीहरूलाई राजदूत नियुक्त गरिएको हो । नियुक्त भएका तीनै जना राजदूतलाई राष्ट्रपति



पौडेलले सोमबार शीतल निवासमा आयोजित एक समारोहबीच पद तथा गोपनीयताको शपथ गराएका छन् ।

गत असोज २ गते बसेको मन्त्रिपरिषद् बैठकले विभिन्न १३ देशका लागि राजदूत नियुक्त गर्न सिफारिस गरेको थियो । तीमध्ये संसदीय सुनुवाइ समितिले १० जना प्रस्तावित राजदूतको नाम अनुमोदन गरेको थियो ।

अनुमोदित १० जनामध्ये भारत, चीन र इजरायलका लागि प्रस्तावित राजदूतहरूको अग्रिमो (सम्बन्धित देशको सहमति) प्राप्त भएपछि उनीहरूलाई नियुक्त गरिएको हो ।

एक महिनामा पाथीभरामा ६४ हजार बढी तीर्थयात्री

ताप्लेजुङ/मस– ताप्लेजुङस्थित प्रसिद्ध तीर्थस्थल पाथीभरा मन्दिरमा एक महिनाको अवधिमा ६४ हजारभन्दा बढी तीर्थयात्री पुगेका छन् । पाथीभरा क्षेत्र विकास समितिका अनुसार कात्तिकमा ६४ हजार १०६ जना भक्तजनले पाथीभराको दर्शन गरेका हुन् ।

शनिबार मात्रै ११ हजार २७२ जना भक्तजन पाथीभरा पुगेका थिए । उक्त विवरण पछिल्लो तीन वर्षयताकै एकै दिनमा मन्दिर दर्शन गर्ने भक्तजनको सबैभन्दा ठूलो संख्या रहेको पाथीभरा क्षेत्र विकास समितिका कार्यकारी निर्देशक



प्रजिन हाडवाडले जानकारी दिए ।

यसैगरी, कात्तिक १७ गते १० हजार ६१६ जना भक्तजनले पाथीभराको दर्शन गरेका थिए । चालु आर्थिक वर्षका अन्य महिनाको तुलनामा कात्तिकमा सबैभन्दा धेरै दर्शनार्थी पाथीभरा पुगेका हुन् । यसअघि असोजमा ११ हजार ९३०, भदौमा छ हजार १२३ र साउनमा दुई हजार ४६९ जनाले पाथीभराको दर्शन गरेका थिए । पाथीभराको दर्शन गरेमा मनोकामना पूरा हुने जनविश्वास रहिआएको छ । यहाँ हरेक वर्ष स्वदेशी तथा विदेशी गरी तीन लाखभन्दा बढी भक्तजन दर्शनका लागि पुग्ने गरेका छन् ।

म्याग्दीका बाढीपीडित तीन परिवारलाई मोना कतार र अक्षयकोषको आर्थिक सहयोग

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, ३० कात्तिक

म्याग्दीमा आएको बाढीपहिरोबाट प्रभावित तीन परिवारलाई म्याग्दी प्रवासी नेपाली संघ (मोना) कतार र मोना कतार बहुउद्देश्यीय अक्षयकोषले सयुक्त रुपमा ४५ हजार ५५५ रुपैयाँ आर्थिक सहयोग गरेको छ । बाढीबाट घरमा क्षति पुगेका मालिका गाउँपालिका-३, डाँडागाउँ औलका दुई परिवार र भोटेकोसीमा आएको बाढीमा परी अवस्था अज्ञात रहेका मालिका गाउँपालिका-४, छापाका भूपेन्द्र रेग्मीको परिवारलाई उक्त रकम प्रदान गरिएको हो ।

मोना कतारले मालिका-३ का चिरन पुनको परिवारलाई २५ हजार र देव पुनको परिवारलाई पाँच हजार रुपैयाँ सहयोग गरेको छ। चिरन पुन मोना कतारका पूर्वसदस्यसमेत हुन् । उनको घरमा बाढीले बढी क्षति पुऱ्याएको थियो भने देव पुनको घरमा तुलनात्मक रूपमा कम क्षति पुगेको थियो ।



त्यस्तै, भोटेकोसीको बाढीमा परी अवस्था अज्ञात रहेका भूपेन्द्र रेग्मीकी ४५ वर्षीया आमा नरमाया रेग्मी एक्लै रहेको र परिवारको आर्थिक अवस्था कमजोर रहेको जानकारीपछि उनको परिवारलाई अक्षयकोषले सहयोग गरेको हो ।

मोना कतार खेलकुद विभागका सहसंयोजक कृष्ण पटेलले पीडित परिवारकै घरमा पुगेर सहयोग रकम हस्तान्तरण गरेका थिए । सहयोग प्राप्त गरेपछि पुनको परिवारले आफ्नो छोराले कर्मभूमि कतारमा गरेको सत्कर्मको फल जन्मभूमिमा यसरी प्राप्त होला भन्ने कल्पनासमेत नगरेको प्रतिक्रिया दिएको पटेलले मध्यान्ह राष्ट्रिय दैनिकलाई जानकारी दिए । विदेशमा रहेका म्याग्देलीहरू घरमै आएर अप्रत्याशित सहयोग गर्दा आफूहरू खुसी र भावुक भएको पीडित परिवारको भनाइ थियो ।

मोना कतारका अध्यक्ष बाबुराम भण्डारीले संस्था कतारमा मात्र सीमित नभई जन्मभूमि म्याग्दीका हरेक दुःखसुखमा साथ दिँदै आएको बताए । कतारमा रहेका तथा स्वदेश फर्किएका म्याग्देलीलाई आवश्यक परेको समयमा सहयोग गर्ने अभियानमा संस्था निरन्तर सक्रिय रहेको उनको भनाइ थियो ।

यसैबीच, मोना कतारले म्याग्दीका बाढीपीडितका लागि सञ्चालन गरेको आर्थिक सहयोग संकलन अभियान बन्द गरेको छ । संकलित बाँकी रकम छिट्टै मोना अन्तर्राष्ट्रियको खातामा जम्मा गर्ने तयारी भइरहेको अभियानका संयोजक तथा मोना कतारका वरिष्ठ उपाध्यक्ष देवी कंडेलले जानकारी दिए ।

मोना कतारको संरक्षकत्वमा स्थापित बहुउद्देश्यीय अक्षयकोषले पनि संस्थागत उद्देश्यअनुसार विपत्तिमा परेका म्याग्देलीलाई सहयोग गर्दै आएको छ । कतारमा आबद्ध रहेका वा नरहेका तथा कतारमै रहेका वा स्वदेश फर्किएका म्याग्देलीलाई दुःखसुखमा साथ दिने उद्देश्यले कोषले मानवीय सहयोगका गतिविधि अघि बढाएको अध्यक्ष विक्रम कार्कीले बताए ।

संस्था भर्खरै स्थापना भएर विस्तारको चरणमा रहे पनि म्याग्दीका विपन्न तथा पीडितको साथमा उभिने प्रयास गरिरहेको उनले बताए । म्याग्दीका साथै जिल्लाबाहिरका विभिन्न स्थानमा पनि सहयोग र सहकार्यलाई निरन्तरता दिँदै आएको उल्लेख गर्दै उनले संस्थाको आर्थिक तथा सांगठनिक अवस्था सुदृढ हुँदै जाँदा मानवीय सेवाका कामलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरे ।

बझाङमा अटो दुर्घटना हुँदा एकै परिवारका चारजनाको मृत्यु

बझाङ/मस– बझाङमा अटो रिक्सा दुर्घटना हुँदा एकै परिवारका चारजनाको मृत्यु भएको छ । सोमबार बिहान बुंगल नगरपालिका-१० मा अटो सडकबाट करिब ९०० मिटर तल खस्दा आमा, उनका दुई छोराछोरी र भतिजीको घटनास्थलमै मृत्यु भएको हो । मृत्यु हुनेमा बुंगल नगरपालिका-१० की ३५ वर्षीया राजमती महरा, उनकी २ वर्षीया छोरी रियासा महरा, ६ वर्षीय छोरा रियास महरा र १६ वर्षीया भतिजी तारा महरा रहेका छन् ।

दुर्घटनामा अटोमा सवार अन्य दुई जना भने जोगिएका छन् । उनीहरूमा १३ वर्षीय विक्रम महरा र अटो चालक बुंगल नगरपालिका-११ का २५ वर्षीय टेकबहादुर पातली रहेका छन् ।

जिल्ला प्रहरी कार्यालयका अनुसार अटोको ब्रेक अचानक फेल भएपछि चालकले आफूसँगै अगाडिको सिटमा रहेका बालक विक्रमलाई तानेर अटोबाट हाम फालेका थिए । त्यसपछि अटो अनियन्त्रित भएर सडकबाट तल खसेको थियो । सोमबार बिहान करिब १० बजे दुमेडा गाउँबाट बुंगल नगरपालिका-११ स्थित हिड्नेगडा बजारतर्फ जाँदै गरेको सुपप्र ०१-००१ ह ७९९८ नम्बरको अटो दुर्घटनामा परेको हो ।

किशोरकिशोरीबीच सहमतिमा हुने यौन सम्बन्धलाई जबरजस्ती करणी नमान्ने प्रस्ताव

काठमाडौं/मस– प्रेम सम्बन्धमा रहेका किशोरकिशोरीबीच सहमतिमा यौन सम्बन्ध भए पनि कानुनले त्यसलाई जबरजस्ती करणी मान्छ । १८ वर्षमुनिका किशोरीसँग मञ्जुरीमै भएको यौन सम्बन्धलाई समेत बलात्कार ठहर गर्ने प्रचलित कानुनी व्यवस्थाका कारण किशोरहरू गम्भीर फौजदारी मुद्दामा तानिने गरेका छन् ।

यही कानुनी अन्योल अन्त्य गर्न सरकारले मुलुकी अपराध संहिताको दफा २१९ संशोधन गर्ने प्रस्ताव अघि सारेको छ । कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले तयार पारेको विधेयकको मस्यौदामा विवाहको उमेर नपुगेका किशोरकिशोरीबीच प्रेम सम्बन्ध रहेको, दुवैको मञ्जुरीमा यौन सम्बन्ध भएको र उनीहरूबीचको उमेर अन्तर दुई वर्ष वा सोभन्दा कम भएको अवस्थामा एक वर्षसम्म कैद हुने व्यवस्था प्रस्ताव गरिएको छ ।

राष्ट्रिय बाल अधिकार परिषद्को 'बालबालिकाको राष्ट्रिय स्थिति प्रतिवेदन, २०८१' अनुसार आर्थिक वर्ष २०८०/८१ मा अदालतमा दर्ता भएका बालबालिका संलग्न कसुरका मुद्दामध्ये बलात्कारसम्बन्धी अभियोगमा ४७० जना बालबालिका जोडिएका थिए । तीमध्ये ४६९ जना बालक र एक जना बालिका थिए । यसले बलात्कारसम्बन्धी अभियोगमा बालकहरूको संलग्नता कति ठूलो छ भन्ने



देखाउँछ ।

अधिवक्ता दीक्षा सिंह प्रचलित कानुनले यौन शोषण र समान उमेरका किशोरकिशोरीबीचको सहमतिपूर्ण सम्बन्धबीच भिन्नता छुट्याउन नसकेको बताउँछिन् । उनका अनुसार प्रेम सम्बन्धमा रहेका किशोरमाथि पनि जबरजस्ती करणी, अपहरण तथा शरीर बन्धकजस्ता गम्भीर कसुरमा मुद्दा चल्ने अवस्था छ । उनले प्रस्तावित संशोधन सकारात्मक भए पनि पर्याप्त नभएको बताइन् ।

सिंहका अनुसार दुवै किशोरकिशोरी कम्तीमा १४ वर्ष पुगेका र उनीहरूबीचको उमेर अन्तर दुई वर्षभन्दा बढी नभएको अवस्थामा सहमतिमा भएको यौन सम्बन्धलाई अपराधको दायराबाटै हटाउनुपर्छ । तर, डर, धम्की, प्रलोभन, शोषण वा शक्ति तथा अधिकारको दुरुपयोग भएका घटनामा यस्तो छुट दिन नहुने उनको सुझाव छ ।

प्रस्तावित मस्यौदाले सहमतिको परिभाषा पनि विस्तार गर्न खोजेको छ । करकाप, अनुचित प्रभाव, डर, त्रास, झुक्यान, अपहरण वा शरीर बन्धक बनाएर लिइएको मञ्जुरीलाई सहमति नमानिने व्यवस्था प्रस्ताव गरिएको छ । होस ठेगानमा नरहेको अवस्थामा लिइएको मञ्जुरी पनि मान्य नहुने उल्लेख छ ।

तर, 'होस ठेगानमा नरहेको' अवस्थाको परिभाषा अझ स्पष्ट हुनुपर्ने महिला, कानुन र विकास मञ्च (एफडब्लुएलडी) का कार्यकारी निर्देशक सविन श्रेष्ठ बताउँछन् । मानसिक रूपमा निर्णय गर्न नसक्ने अवस्थासँगै नशालु पदार्थको प्रभावमा परेर सहमति दिन नसक्ने अवस्थालाई पनि कानुनले समेट्नुपर्ने उनको सुझाव छ ।

उनले सौन्दर्य प्रतियोगिताको आडमा बालिका तथा युवतीमाथि यौन दुर्व्यवहार गरेको आरोप लागेका मनोज पाण्डेको घटनालाई उदाहरणका रूपमा प्रस्तुत गरे । उक्त घटनामा पेय पदार्थमा औषधि मिसाएर खुवाइएको आरोपसमेत सार्वजनिक भएको थियो । श्रेष्ठका अनुसार मदिरा, लागूऔषध वा अन्य नशालु पदार्थको प्रभावमा रहेको अवस्थालाई सहमतिको परिभाषामा स्पष्ट रूपमा समेटुनुपर्छ । मस्यौदाले यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिमाथि वा उनीहरूबीच मञ्जुरीबिना करणी गरेमा त्यसलाई जबरजस्ती करणी मानिने व्यवस्था पनि प्रस्ताव गरेको छ ।

त्यस्तै, सामूहिक रूपमा जबरजस्ती करणी गरेमा मूल सजायमा थप पाँच वर्षसम्म कैद हुने प्रस्ताव छ । छ महिनाभन्दा बढी गर्भवती महिला, पूर्ण अशक्त वा अति अशक्त अपांगता भएका व्यक्ति, शारीरिक वा मानसिक रूपमा अस्वस्थ व्यक्ति तथा हतियार देखाएर जबरजस्ती करणी गरेको अवस्थामा पनि थप पाँच वर्षसम्म कैदको प्रस्ताव गरिएको छ । वैवाहिक सम्बन्धभित्र हुने जबरजस्ती करणीलाई पनि छुट्टै कसुरका रूपमा राख्न खोजिएको छ । प्रस्तावित दफा २१९ अनुसार पतिले पत्नीलाई जबरजस्ती करणी गरेमा तीनदेखि पाँच वर्षसम्म कैद हुनेछ । पीडितको निवेदनमा अदालतले पत्नीलाई घरमा बस्न दिन, खानलाउन दिन, कुटपिट नगर्न र सभ्य व्यवहार गर्न पतिलाई आदेश दिन सक्नेछ । आवश्यक उपचार गराउन वा उपचार खर्च उपलब्ध गराउन पनि आदेश दिन सक्ने प्रस्ताव गरिएको छ । पति-पत्नीलाई एउटै घरमा बस्न उपयुक्त नदेखिएमा अलग बस्ने व्यवस्था मिलाउन र पत्नीको भरणपोषणको प्रबन्ध गर्नसमेत अदालतले आदेश दिन सक्नेछ ।

युएईमा रोजगार
कम्पनी: NATIONAL CORPORATION FOR TOURISM & HOTELS शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८३/०४/२७ चलानी नं.: ६०२५४६७७ L.T. No.: 346089 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Assistant Cook	16	0	स. कामना दक्ष	1200	४५,९६४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Chamber Man	2	0		1000	४०,९७०							
3.	Cook	14	0		1500	६१,४५५							
4.	Driver	2	0		1500	६१,४५५							
5.	Gymtechnician	5	0		2000	८१,९४०							
6.	Kitchen And Laundry Foreman	5	0		2000	८१,९४०							
7.	Laundary Labour	3	0		1000	४०,९७०							
8.	Laundry Labour	1	0		1000	४०,९७०							
9.	Pastry Maker	16	0		1500	६१,४५५							
10.	Sandwich Maker	9	0		1500	६१,४५५							
11.	Waiter/waitress	5	0		1500	६१,४५५							
12.	Waitress	0	39		1500	६१,४५५							

अन्तर्वार्ता होटल भल्मेट बुटवल रूपन्देहीमा मा २०८३ मंसिर ८ गते (24 November 2026) मा हुनेछ ।
अन्तर्वार्ता होटल सिरावुली, भरतपुर, चितवनमा २०८३ मंसिर ९ गते (25 November 2026) मा हुनेछ ।
अन्तर्वार्ता सुनसरी मल्टिपल ट्रेनिङ सेन्टर, इटहरी, सुनसरीमा २०८३ मंसिर १० गते (26 November 2026) मा हुनेछ ।
अन्तर्वार्ता शाखा कार्यालय बिर्तामोड, झापामा २०८३ मंसिर १० गते (26 November 2026) मा हुनेछ ।
अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८३ मंसिर ११ गते (27 November 2026) मा हुनेछ ।

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा मरिने म्याद् जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/सुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कस्ले व्यहोर्ने	भिसा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४८५ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,१०० कामदारले	निःशुल्क

AIR KINGS PLACEMENT PVT. LTD.
Gov. Lic. No: 712/064/065
Kupandole, Lalitpur, Nepal, Tel: 01-5524006, 5427196
Mob. : 980-3784885, 984-3834191, 9709051745,982-7903113, 9801442878

UAE मा रोजगार
Gunal Construction Trading And Industryco.Inc. - Dubai Branch
पूर्व स्वीकृती मिति: २०८३/७/२९ चलानी नं. : ६०२६३४३७ LT No. 350485

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
१.	Building Labour	200	0	सम्बन्धित कामना दक्ष	1000	८१,९३५।-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

कम्पनी : EGY BUILD CONSTRUCTION L.L.C शहर: UAE
पूर्व स्वीकृत मिति: २०८३/०७/३० चलानी नं.: ६०२६३४५६ LT. No.: 350484

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Building Labour	10	0	सम्बन्धित कामना दक्ष	1000	४०,९७०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष
2.	Joiner	5	0		1500	६१,४५५							
3.	Tile Layer	5	0		1500	६१,४५५							
4.	Telecommunication Assistant	5	0		1500	६१,४५५							
5.	Bricklayer Assistant	5	0		1500	६१,४५५							
6.	Blacksmith	5	0		1500	६१,४५५							

अन्तरवार्ता २०८३ मंसिर ८ गते (24 Nov., 2026) यस प्रा. लि. को कार्यालय ललितपुरमा हुनेछ ।
साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.
पो.ब.नं. २४७८०, थसिखेल-१४, महालक्ष्मीस्थान चोक (लम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१८३२३६, ५१८३२३७, ५१८३२३८ सम्पर्क व्यक्ति : ९८४८६८१४७
(सोरसिङ मेनेजर :: जगदिश खत्री) , E-mail : nepal@soundlinesgroup.com
श्रम स्वीकृत नं: ५७२/०६२/०६३
CREATING VALUE THROUGH PEOPLE

कम्पनी: INTERGRANDE BKC LABOUR SUPPLY LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८३/०७/३० चलानी नं.: ६०२६३४४७ L.T. No.: 350424

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Building Labour	40	0	स. कामना दक्ष	1000	४०,९७०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ		२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ८ गते (24 November 2026) मा हुनेछ ।

स्वदेशमा मर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा मर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा मरिने म्याद् जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/सुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कस्ले व्यहोर्ने	भिसा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४८५ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,१०० कामदारले	निःशुल्क

OMAMA MANPOWER PVT. LTD.
Gov. Lic. No. 1422/074/075
An ISO 9001: 2015 International Standards Certified Recruiting Agency
Sinamangal-9, Ekatatole, Hyundai Showroom Opposite, Kathmandu
Tel: 01-4587731, 01-4581383, 9702046184, Whatsapp : 9702046184, 9801054682, 9805945922.
E-mail: omamamanpower@gmail.com, URL : www.omamamanpower.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

सम्पादकीय

सूचना प्रणाली संस्थागत गर

प्रधानमन्त्री वालेन्द्र शाहले सरकारी निर्णय र सार्वजनिक महत्त्वका सूचना व्यक्तिगत फेसबुक पेजबाट सार्वजनिक गर्ने अभ्यास गरेका छन् । कर फिर्ताको घोषणा होस् वा भूमिहीन व्यवस्थापन, विद्यार्थी तथा कर्मचारी संगठन खारेजी होस् वा गेमिङ उद्योगसम्बन्धी नीति, यस्ता विषय प्रधानमन्त्रीको निजी पेजबाट सार्वजनिक भएका छन् । विपद्का बेलाका अपडेट पनि आफ्नै व्यक्तिगत पेजबाट दिए । उद्धार र राहतको जानकारी दिन सामाजिक सञ्जाल उपयोगी थियो भन्न सकिएला । तर नीतिगत निर्णय र राज्यका औपचारिक सन्देशसमेत व्यक्तिगत खाताबाट आउन थालेपछि सरकारको आधिकारिक सूचना प्रणालीको औचित्यमाथि नै प्रश्न उठेको छ ।

प्रधानमन्त्रीको पोस्ट नै मन्त्रिपरिषद्को निर्णय हो कि होइन ? त्यसको कानुनी आधार के हो ? कार्यान्वयन कसले गर्छ ? नागरिकले आधिकारिक विवरण कहाँबाट पाउँछन् ? यी प्रश्नको स्पष्ट जवाफ आवश्यक छ । संसद्बाट पारित कानुन परिवर्तन गर्नुपर्ने विषयमा समेत फेसबुकबाट घोषणा गर्दैमा कानुनी प्रक्रिया पूरा हुँदैन । सरकारको निर्णय प्रक्रिया, कार्यान्वयन र अभिलेखको आफ्नै विधि हुन्छ । त्यसलाई सामाजिक सञ्जालको पोस्टले अहिलेकै कानुनी प्रबन्धबाट प्रतिस्थापन गर्न सक्दैन ।

प्रधानमन्त्रीको व्यक्तिगत पेजमा लाखौं फलोअर हुनु र सरकारी पेजको पहुँच कमजोर हुनु एउटा पाटो हो । सरकारी सञ्चार संयन्त्र प्रभावकारी बनाउनुपर्नेमा व्यक्तिगत पेजलाई नै विकल्प बनाउनु उचित होइन । कतिसम्म भने प्रधानमन्त्रीले राष्ट्रका नाममा गरिने सम्बोधनसमेत पहिले निजी पेजबाट प्रसारण हुनु राज्यको औपचारिक सञ्चार अभ्यासँग मेल खाँदैन । त्यस्ता सन्देश राज्यकै नाममा, राज्यकै आधिकारिक माध्यमबाट सार्वजनिक र अभिलेखित हुनुपर्छ ।

यसमा निजी आर्थिक हितको विषय पनि जोडिन्छ । प्रधानमन्त्रीको सम्पत्ति विवरणमा सामाजिक सञ्जालबाट हुने आम्दानी उल्लेख्य देखिएको थियो । त्यसैले सरकारी सूचना प्रवाहका कारण व्यक्तिगत पेजको पहुँच र आम्दानीमा पर्ने प्रभावबारे पारदर्शिता आवश्यक छ । ठुलो जनविश्वाससहित उदाएका प्रधानमन्त्री शाहले सार्वजनिक जिम्मेवारी र निजी लाभबीच स्वार्थको द्वन्द्व देखिने अवस्था आउन दिनु हुँदैन । त्यसै पनि प्रधानमन्त्रीले सामाजिक सञ्जाल प्रयोग गर्न नपाउने भन्ने होइन । त्यसको प्रयोग कसरी र कुन प्रयोजनका लागि गर्ने भन्ने मुख्य कुरा हो । प्रधानमन्त्रीको व्यक्तिगत पेज सूचना प्रवाहको सहयोगी माध्यम बन्न सक्छ, तर सरकारको आधिकारिक मुखपत्र बन्न सक्दैन । लोकतान्त्रिक शासन व्यक्तिको लोकप्रियताले होइन, विधि, प्रक्रिया, पारदर्शिता र जवाफदेहिताले बलियो हुन्छ । सरकारको अनुहार प्रधानमन्त्री हुन सक्छन्, तर सरकारको आवाज संस्थागत हुनुपर्छ ।

क्रिकेटको उडान, फुटबलको अवसान

नेपाली फुटबल संकटमा फसिरहेका बेला क्रिकेटले नेपाल प्रिमियर लिगमार्फत नयाँ उचाइ लिने संकेत गरेको छ । एनपिएलले खेलाडीलाई अवसर, समर्थकलाई उत्साह र देशलाई अन्तर्राष्ट्रिय पहिचान दिएको छ । तर, पूर्वाधार विस्तार, घरेलु प्रतिभाको संरक्षण र प्रतियोगिताको पारदर्शितामा ध्यान दिन आवश्यक छ । क्रिकेटको सफलताबाट फुटबलसहित अन्य खेलले पनि सिक्नुपर्ने बेला आएको छ ।

अग्रलेख



● झलक शर्मा



नेपाली फुटबल ओरालो लागिरहेका बेला क्रिकेटले भने नयाँ उचाइ लिने संकेत गरेको छ । नेपाल प्रिमियर लिग (एनपिएल) नेपाली क्रिकेटको लोकप्रिय प्रतियोगिता मात्र नभएर राष्ट्रिय उत्सवकै रूपमा स्थापित हुँदै गएको छ । समर्थकहरू आफ्नो भूगोल, क्षेत्र वा मनपर्ने खेलाडीका आधारमा विभिन्न टोलीको पक्षमा उभिएका छन् । तर, मैदानमा जुन टोलीले जिते पनि त्यसको उपलब्धि अन्ततः नेपाली क्रिकेटकै हुनेछ । किनकि एनपिएलसँग खेलको प्रतिस्पर्धा मात्र होइन, भावना, आत्मीयता र राष्ट्रिय पहिचान पनि जोडिएको छ ।

तेस्रो संस्करणसम्म आइपुग्दा एनपिएलले नेपाली क्रिकेटको विकासमा उल्लेखनीय योगदान दिएको छ । आठ टोली सहभागी प्रतियोगिताले देशका विभिन्न सहर र प्रदेशलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउने अवसर दिएको छ । अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)बाट आधिकारिक मान्यताप्राप्त यस प्रतियोगितामा खेलाडीको प्रदर्शन, रन र विकेटको अभिलेखसमेत राखिने व्यवस्था छ । अन्तर्राष्ट्रिय क्रिकेटमा प्रयोग भइरहेका प्रविधि र अभ्यास भित्रिनु नेपाली क्रिकेटका लागि अर्को महत्त्वपूर्ण उपलब्धि हो ।

एनपिएलको पहिलो संस्करण सञ्चालन हुँदा आवश्यक पूर्वाधार र संरचना पर्याप्त थिएनन् । त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदान खेल सञ्चालन गर्ने स्थलका रूपमा मात्र सीमित थियो । अहिले त्यहाँ दर्शकका लागि प्यारापिट, फ्लडलाइट र डिआरएसजस्ता प्रविधि थपिएका छन् । यसले खेललाई थप व्यवस्थित र प्रतिस्पर्धात्मक बनाएको छ । प्रतियोगिताका सुरुवाती खेलमा विदेशी खेलाडीको तुलनामा नेपाली खेलाडीको प्रदर्शन पनि प्रभावशाली देखिएको छ । यसले नेपाली खेलाडीको क्षमता र प्रतिस्पर्धात्मक स्तर बढ्दै गएको संकेत गर्छ ।

एनपिएलको प्रभाव मैदानभित्र मात्र सीमित छैन । यसले राष्ट्रिय एकताको भावना बलियो बनाउन, पर्यटन प्रवर्धन गर्न र व्यापार व्यवसाय चलायमान बनाउन सहयोग पुऱ्याएको छ । प्रतियोगिताका कारण केहीले रोजगारीको अवसरसमेत पाएका छन् । विश्व क्रिकेटमा पहिचान बनाएका खेलाडी नेपाल आएर खेल्ने वातावरण बनेको छ । उनीहरूसँगै खेल्दा नेपाली खेलाडीले अन्तर्राष्ट्रिय स्तरको अनुभव, सीप र खेलशैली सिक्ने अवसर पाएका छन् । नयाँ प्रतिभाले आफ्नो क्षमता देखाउने मञ्च पाएका छन् । यसले राष्ट्रिय टोलीका लागि सक्षम खेलाडी उत्पादन गर्नसमेत मद्दत पुऱ्याउन सक्छ ।

त्यसैले एनपिएलले केवल मनोरञ्जन वा व्यावसायिक प्रतियोगिताका रूपमा मात्र हेर्नु हुँदैन । यो नेपाली खेलाडीको प्रतिभा प्रदर्शन गर्ने र उनीहरूको व्यावसायिक भविष्य निर्माण गर्ने महत्त्वपूर्ण अवसर हो । हरेक खेलाडी आफ्नो देशको नाम विश्वसामु चिनाउन चाहन्छ । यस्तो सपना पूरा गर्न नियमित प्रतियोगिता, अभ्यास र प्रतिस्पर्धाको वातावरण आवश्यक हुन्छ । एनपिएलले त्यसका लागि आधार तयार गरिरहेको छ । यसलाई राष्ट्रिय गौरवको प्रतियोगिताका रूपमा विकास गर्दै लैजानुपर्छ ।

नेपालका ठुला व्यावसायिक घरानाले एनपिएलमा लगानी गर्नु सकारात्मक पक्ष हो । उद्योगी तथा व्यवसायीको सहभागिताले क्रिकेटको व्यावसायिक विकासमा सहयोग पुग्न सक्छ । तर, प्रतियोगिता सञ्चालन भएको अवधिमा मात्र क्रिकेटको चर्चा गरेर पुग्दैन । यसको दीर्घकालीन विकास, सम्भावना र चुनौतीबारे निरन्तर बहस हुनुपर्छ । सरकारले पनि क्रिकेटलाई राष्ट्रिय प्राथमिकतामा राखेर आवश्यक सहयोग गर्नुपर्छ ।

त्रिवि क्रिकेट रंगशालामा पूर्वाधार सुधार भए पनि देशका अन्य भागमा पनि स्तरीय क्रिकेट मैदान र रंगशालाको आवश्यकता छ । विगतमा दर्शकले मैदानबाहिरका रुखमा चढेर खेल हेर्नुपर्ने अवस्था थियो । अहिले प्यारापिट निर्माणसँगै त्यस्तो जोखिम कम भएको छ । तर, क्रिकेटको पहुँच देशभर विस्तार गर्न अझै धेरै काम गर्न बाँकी छ । सबै प्रदेश र भूगोलका प्रतिभावान् युवाले खेल्ने अवसर पाउनुपर्छ । त्यसका लागि स्थानीय स्तरमै क्रिकेटका प्राविधिक र भौतिक पूर्वाधार निर्माणमा जोड दिनुपर्छ ।

एनपिएलले भविष्यमा 'होम एन्ड अवे' प्रणालीमा सञ्चालन गर्न सकिने सम्भावनाबारे पनि सोच्नुपर्छ । त्यसका लागि प्रत्येक टोलीको आफ्नै घरेलु मैदान आवश्यक हुन्छ । प्रतियोगितालाई काठमाडौं केन्द्रित बनाइराख्नुको सट्टा देशका विभिन्न सहरमा खेल सञ्चालन गर्न सके स्थानीय स्तरमा क्रिकेटप्रतिको आकर्षण बढ्नेछ । खेलको अनुशासन, नियम र मूल्य मान्यता कायम राख्नु पनि उत्तिकै महत्त्वपूर्ण छ । प्रतियोगिताको लोकप्रियता बढ्दै जाँदा म्याच फिक्सिङ, बेटिङजस्ता गैरकानुनी गतिविधि र दर्शकबीच हुन सक्ने झडप तथा दुर्व्यवहारप्रति आयोजक र सुरक्षा निकाय सचेत हुनुपर्छ ।

क्रिकेटलाई विश्वस्तरीय बनाउने नाममा घरेलु खेलाडीको प्रतिभा ओझेलमा पर्नु हुँदैन । विदेशी खेलाडीको सहभागिताले प्रतियोगिताको आकर्षण बढाउँछ र नेपाली खेलाडीले सिक्ने अवसर पनि पाउँछन् । तर, दीर्घकालीन लक्ष्य भने नेपाली खेलाडीको क्षमता विकास र उनीहरूको प्रभावकारी सहभागिता हुनुपर्छ । भविष्यमा नेपाली खेलाडीको प्रदर्शन र सफलतामा गर्व गर्ने वातावरण निर्माण गर्नु आवश्यक छ । साथै, अन्तर्राष्ट्रिय सम्बन्ध र खेल कूटनीतिका लागि पनि एनपिएल उपयोगी बन्न सक्छ । पाकिस्तानका खेलाडीले प्रतियोगितामा सहभागिता जनाउन नपाएको विषयमा आयोजकसँगै सरकारले पनि आवश्यक पहल गर्नुपर्छ ।

दर्शकको सहज सहभागिताका लागि पनि थप व्यवस्था आवश्यक छ । पोखराको मालेपाटनमा खेलको प्रत्यक्ष प्रसारणमार्फत दर्शकलाई जोड्ने प्रयास सकारात्मक छ । यस्ता सुविधा देशका अन्य क्षेत्रमा पनि विस्तार गर्नुपर्छ । रंगशालामा उपस्थित भएर खेल हेर्न चाहने दर्शकका लागि टिकट, पार्किङ र सुरक्षाको उचित प्रबन्ध हुनुपर्छ । कीर्तिपुर नगरपालिकासँग समन्वय गरेर व्यवस्थित पार्किङको व्यवस्था गर्न सकिन्छ । दर्शकको उत्साहलाई सुरक्षित र मर्यादित वातावरणमा रूपान्तरण गर्न सके एनपिएलप्रतिको आकर्षण अझ बढ्नेछ ।

नेपाली फुटबलको अवस्था

क्रिकेटले नयाँ उचाइ लिइरहेका बेला नेपाली फुटबल भने सुस्त अवस्थामा छ । फिफाको प्रतिबन्ध र फुटबल प्रशासनभित्रका विवादले यो क्षेत्र थप प्रभावित भएको छ । आर्थिक अनियमितता, भ्रष्टाचार, मिलेमतो र राजनीतिक हस्तक्षेपका आरोपले फुटबल नेतृत्वमाथि नैतिक प्रश्न उठ्दै आएको छ । पछिल्लो एक दशकमा नेपाली फुटबलको लोकप्रियता पनि घटेको छ ।

शीर्ष डिभिजनको सहिद स्मारक ए डिभिजन लिग नियमित हुन सकेको छैन । फ्रेन्चाइज प्रतियोगिता नेपाल सुपर लिग (एनएसएल) पनि मुद्दा र आन्तरिक विवादका कारण अघि बढ्न सकेको छैन । फुटबलका गतिविधि सीमित व्यक्तिको प्रभावमा रहँदा खेल क्षेत्र नै निष्क्रियजस्तै बनेको छ । यसको असर खेलाडी, समर्थक र समग्र फुटबल संरचनामा परेको छ ।

यही अवस्थामा नेपाली फुटबललाई पनि क्रिकेटजस्तै गति दिने उद्देश्यसहित नेपाल फुटबल लिग (एनएफएल)को पहिलो संस्करण आगामी फागुन १ गतेदेखि सञ्चालन गर्ने घोषणा गरिएको छ । प्रतियोगिता करिब चार महिनासम्म चल्ने बताइएको छ । एनएसएलको अन्योलबीच एनएफएललाई नयाँ विकल्पका रूपमा हेरिएको छ । फिफाले एन्फामाथि लगाएको प्रतिबन्ध फुकुवा गरे पनि नगरे पनि प्रतियोगिता सञ्चालन गर्ने घोषणा गरिएको छ । तर, नयाँ प्रतियोगिता घोषणा गर्नु मात्रै पर्याप्त हुँदैन । त्यसलाई नियमित, पारदर्शी र व्यवस्थित रूपमा सञ्चालन गर्न सक्नुपर्छ ।

खेलकुदलाई मानव पुँजी निर्माणको महत्त्वपूर्ण आधारका रूपमा लिनुपर्छ । यसले खेलाडीको शारीरिक र मानसिक विकासमा योगदान दिनुका साथै पर्यटन, रोजगारी र अर्थतन्त्रलाई समेत चलायमान बनाउन सक्छ । त्यसैले खेलकुद प्रतियोगिताको नियमित आयोजना, पूर्वाधार विस्तार र प्रतिभा पहिचानमा राज्य तथा निजी क्षेत्रले लगानी बढाउनुपर्छ ।

अहिले नेपाली क्रिकेटप्रति बढेको उत्साहलाई दीर्घकालीन उपलब्धिमा बदल्नु आवश्यक छ । एनपिएलको लोकप्रियता र व्यावसायिक सम्भावनालाई कायम राख्दै यसका चुनौती समाधान गर्न नेपाल क्रिकेट संघ (क्यान)ले स्पष्ट रणनीति बनाउनुपर्छ । प्रतियोगितालाई केही वर्षको आकर्षणमा सीमित नराखी नेपाली क्रिकेटको दिगो विकासको आधार बनाउनुपर्छ । क्रिकेटले हासिल गरिरहेको गति अन्य खेलका लागि पनि प्रेरणा बन्न सक्छ । फुटबलसहित सबै खेलको संस्थागत सुधार, पारदर्शिता र नियमित प्रतियोगिताबाट मात्रै नेपाली खेलकुदले अपेक्षित उचाइ हासिल गर्न सक्छ ।

शक्ति कि विधिको शासन ?

सुशासन



● ध्रुवसागर शर्मा

जनताले नयाँ सरकारबाट सुशासन, जवाफदेहिता र विधिको शासनको अपेक्षा गरेका थिए । तर पछिल्ला घटनाक्रमले अनुसन्धानको निष्पक्षता, प्रेस स्वतन्त्रता, प्रहरी नेतृत्व र प्रतिपक्षको अधिकारमाथि प्रश्न उठाएका छन् । जनमत शक्तिको अनुमति होइन, जवाफदेहिताको जिम्मेवारी हो भन्ने सरकारले प्रमाणित गर्नुपर्ने बेला आएको छ ।



लोकतन्त्रमा सरकार परिवर्तन हुनु ठुलो कुरा होइन, परिवर्तनपछि राज्य सञ्चालनको शैली बदलिनु महत्त्वपूर्ण हो । जनताले नयाँ सरकारबाट नयाँ अनुहार मात्र होइन, नयाँ संस्कार, इमानदारी, सुशासन र जवाफदेहिता पनि खोजेका हुन्छन् । पुराना दलको कार्यशैलीप्रति असन्तुष्ट जनताले नयाँ राजनीतिक शक्तिलाई ठुलो विश्वासका साथ जिम्मेवारी दिएका हुन् । विशेषगरी वालेन्द्र शाह नेतृत्वको सरकारबाट भ्रष्टाचार अन्त्य, विधिको शासन र राजनीतिक बेथितिको अन्त्य हुने अपेक्षा थियो । तर पछिल्ला घटनाक्रमले सरकार कुन बाटोमा छ भन्ने प्रश्न उठाएका छन् ।

पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरा र इनम सापकोटासँग जोडिएका घटनाले न्यायालयभित्रको बिचौलिया प्रभाव, शंकास्पद आर्थिक कारोबार र राजनीतिक सम्बन्धबारे प्रश्न उठाएका छन् । सार्वजनिक भनिएका संवाद र बयानमा जबराको नाम जोडिएको छ । न्याय दिने संस्थामाथि नै प्रश्न उठ्नु गम्भीर विषय हो । पूर्वप्रधानन्यायाधीश होस् वा सामान्य नागरिक, सबै कानुनको दायरामा आउनुपर्छ । तर कानुन कार्यान्वयन गर्ने नाममा सरकार आफैं कानुनभन्दा माथि देखिनु पनि स्वीकार्य हुँदैन ।

इनम सापकोटाको सम्बन्ध प्रधानमन्त्रीका राजनीतिक सल्लाहकारसँग जोडिएको विषय सार्वजनिक भएपछि सरकारको कार्यशैलीमाथि पनि प्रश्न उठेको छ । यद्यपि सार्वजनिक विवरणकै आधारमा प्रधानमन्त्री र इनमबीच अनुचित सम्बन्ध रहेको निष्कर्ष निकाल्न मिल्दैन । इनमसँग सम्पर्कमा रहेका सबै व्यक्तिको भूमिका निष्पक्ष रूपमा अनुसन्धान हुनुपर्छ । सरकारसँग निकट रहेका व्यक्तिको सम्भावित संलग्नतालाई पनि अनुसन्धानको दायरामा ल्याउनुपर्छ । राजनीतिक निकटताका आधारमा कसैले उन्मुक्ति पाउने वा कसैलाई निसाना बनाउने प्रवृत्ति सुशासन हुन सक्दैन ।

यही प्रकरणमा कांग्रेसको आधिकारिकता विवादसँग जोडेर गगन थापा नेतृत्वको कार्यसमितिलाई मान्यता दिलाउन १८ करोड रुपैयाँ कारोबार भएको दाबी गरिएको अडियो सार्वजनिक भएको छ । तर अडियोको आधिकारिकता र पूर्णता विवादित छन् । त्यसमा भनिएका कुरा पुष्टि भइसकेका छैनन् । कांग्रेसले आरोप अस्वीकार गर्दै निष्पक्ष छानबिनको माग गरेको छ । त्यसैले अहिले नै गगन थापालाई दोषी ठहर गर्न मिल्दैन । तर आरोप उठिसकेपछि त्यसमा जोडिएका भनिएका सबै व्यक्ति र सम्भावित लाभग्राहीमाथि निष्पक्ष अनुसन्धान हुनुपर्छ । अनुसन्धानमा रहेको व्यक्तिको भनिएको अडियो कसरी सार्वजनिक भयो र गोपनीयता कसरी भंग भयो भन्ने प्रश्नको जवाफ पनि सरकारले दिनुपर्छ ।

समाचार प्रकाशित गरेको विषयमा सञ्चारगृहमा प्रहरी प्रवेश गर्ने र पत्रकारलाई नियन्त्रणमा लिने घटनाले प्रेस स्वतन्त्रतामाथि चिन्ता बढाएको छ । पत्रकार पक्राउ परेको विषयमा प्रधानमन्त्रीको सचिवालयले आफूलाई जानकारी नभएको बताएको छ भने प्रहरीको भनाइमा प्रधानमन्त्री कार्यालयको चासोको प्रसंग आएको छ । २८ जना पत्रकारको सूची तयार पारिएको भन्ने विवरणले पनि प्रश्न जन्माएको छ । पत्रकारले कानुन मान्नुपर्छ र गलत समाचारविरुद्ध कानुनी उपचार खोज्न सकिन्छ । तर त्यसका लागि प्रेस काउन्सिल र स्थापित कानुनी प्रक्रिया छन् । समाचार लेखेकै कारण पत्रकारलाई त्रसित पार्नु हुँदैन । प्रेस स्वतन्त्रता सरकारको दया होइन, संविधानले सुनिश्चित गरेको अधिकार हो ।

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलाई जिम्मेवारीबाट हटाएर प्रधानमन्त्रीको सुरक्षा सल्लाहकार बनाउने र तेस्रो वरीयतामा रहेका मनोज केसीलाई प्रहरी प्रमुख नियुक्त गर्ने निर्णयले प्रहरी संगठनको निष्पक्षतामाथि प्रश्न उठाएको छ । सरकारले प्रहरी नेतृत्व परिवर्तन गर्न सक्छ, तर त्यसका लागि वस्तुगत आधार, कानुनी प्रक्रिया र जवाफदेहिता आवश्यक हुन्छ । कार्कीलाई हटाउनुको औपचारिक कारण सार्वजनिक नहुनु र प्रधानमन्त्रीनिकट समूहले पहिलेदेखि नै केसीलाई प्रहरी प्रमुख बनाउन चाहेको भन्ने समाचारले थप शंका जन्माएको छ ।

सञ्चारमाध्यममा आएका विवरणअनुसार इनम प्रकरणको अनुसन्धान, पत्रकार पक्राउ र प्रधानमन्त्री कार्यालयबाट आएका भनिएका निर्देशन कार्यान्वयनका विषयमा कार्कीले कानुनी प्रश्न उठाएको प्रसंग पनि सार्वजनिक भएको छ । यदि प्रहरी प्रमुखले कानुनविपरीतको आदेश कार्यान्वयन गर्न अस्वीकार गरेका हुन् भने त्यो कमजोरी होइन, संस्थागत जिम्मेवारी हुन सक्छ । प्रहरी संगठन सरकारको सुरक्षा संयन्त्र हो, कुनै व्यक्तिको निजी इच्छा पूरा गर्ने माध्यम होइन । सरकारका गतिविधिमाथि प्रश्न उठाउँदै आएका कांग्रेस नेता गगन थापामाथि सरकारी निगरानी वा दबाब बढाइएको भन्ने आशंका पनि सार्वजनिक भएका छन् । यस्ता दाबी पुष्टि गर्ने प्रमाणबिना निष्कर्षमा पुग्न मिल्दैन । तर प्रतिपक्षी नेतामाथि राज्यका सुरक्षा तथा अनुसन्धान निकाय प्रयोग भएका छन् कि छैनन् भन्ने प्रश्नको जवाफ सरकारले दिनुपर्छ । प्रतिपक्ष सरकारको शत्रु होइन, लोकतन्त्रको अभिन्न अंग हो । सरकारका काममाथि प्रश्न उठाउनु र कमजोरी देखाउनु उसको जिम्मेवारी हो । राष्ट्रिय स्वतन्त्र पार्टीले ठुलो जनमतसहित सरकारको नेतृत्व गर्ने अवसर पाएको छ । तर जनसमर्थन संविधानभन्दा माथि जाने अनुमति होइन । बरु ठुलो जनमत पाएको सरकारमाथि अझ बढी नैतिक जिम्मेवारी हुन्छ । हिजोका सरकार भ्रष्टाचारमा मुछिए, राज्यका निकाय स्वार्थअनुसार प्रयोग गरे र आलोचना सुन्न सकेनन् भन्ने असन्तुष्टिबाट नयाँ राजनीतिक शक्तिको उदय भएको हो । नयाँ सरकारले पनि त्यही व्यवहार दोहोऱ्यायो भने परिवर्तनको औचित्य के रहन्छ ?

सुशासन भनेको आफूलाई मन नपरेको व्यक्तिमाथि अनुसन्धान गर्नु मात्र होइन, आफू नजिकका व्यक्तिको भूमिका पनि निष्पक्ष रूपमा जाँच्नु हो । विधिको शासन भनेको प्रधानमन्त्रीको आदेश तत्काल कार्यान्वयन हुनु होइन, त्यस्तो आदेशसमेत संविधान र कानुनको सीमाभित्र रहनु हो । त्यसैले इनम प्रकरणमा जोडिएका सबैको भूमिका प्रमाणका आधारमा अनुसन्धान हुनुपर्छ । १८ करोडको आरोपको स्वतन्त्र परीक्षण, अडियोको आधिकारिकता र स्रोतको खुलासा तथा पत्रकार पक्राउ प्रकरणको जिम्मेवारी स्पष्ट हुनुपर्छ । आइजिपी कार्कीलाई हटाउनुको कानुनी आधार सार्वजनिक गरिनुपर्छ । प्रहरी संगठनलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राख्नुपर्छ ।

प्रश्न बोलेन ठिक कि गगन ठिक भन्ने होइन, राज्य सही बाटोमा छ कि छैन भन्ने हो । सरकारको विरोध गर्ने सबै भ्रष्ट हुँदैनन् र समर्थन गर्ने सबै इमानदार हुँदैनन् । सत्यको कुनै पार्टी हुँदैन, न्यायको कुनै गुट हुँदैन र संविधान कुनै शासकको निजी दस्ताबेज होइन । जनताले खोजेको सरकार शक्तिशाली होइन, जवाफदेही हो । जनताको मतले सरकारलाई शक्तिशाली बनाउँछ, संविधानभन्दा ठुलो बनाउँदैन । सरकारले आफ्नो बाटो सही छ भन्ने प्रमाण भाषणबाट होइन, व्यवहारबाट दिनुपर्छ ।

(लेखक पत्रकारिता र शिक्षण पेसामा आबद्ध छन् ।)

इतिहासको पाना ● सन्तोष खडेरी

तीनपटक भारतीय सांसद बनेकी नेपाली चेली



नेपाली चेली ललिता राज्यलक्ष्मी राणाको विवाह भारतको रामगढ राज्यका राजा कामख्यानारायण सिंह बहादुरसँग सन् १९३६ फेब्रुअरी २५ मा भएको थियो । विवाहपछि रामगढकी रानी बनेकी उनले भारतीय राजनीतिमा प्रवेश गरी तीनपटक लोकसभा निर्वाचन जितिन् ।

सन् १९१७ फेब्रुअरी २० मा काठमाडौंको थापाथलीस्थित सिंहमहलमा जन्मिएकी ललिता राज्यलक्ष्मी कमान्डिङ जनरल सिंहशमशेर जबरा र शाहज्यादी रमा राज्यलक्ष्मीकी जेठी छोरी तथा राणा प्रधानमन्त्री चन्द्रशमशेरकी नातिनी थिइन् । उनका पिता बेलायतका लागि नेपाली मिनिस्टर र स्वतन्त्र भारतका लागि पहिलो नेपाली राजदूतसमेत बनेका थिए ।

रामगढकी रानी भएपछि ललिताले महिलाको अधिकारका पक्षमा काम गरिन् । उनले समाजमा प्रचलित घुम्टो र दाइजो प्रथा अन्त्यका लागि अभियान चलाएकी थिइन् ।

सन् १९५७ मा भारतीय राजनीतिमा सक्रिय भएकी उनले बिहारको हजारीबागबाट दोस्रो लोकसभा निर्वाचनमा स्वतन्त्र उम्मेदवारी दिएर जितिन् । त्यसपछि तेस्रो लोकसभा निर्वाचनमा औरंगाबाद र चौथोमा धनबादबाट पनि स्वतन्त्र उम्मेदवारकै रूपमा निर्वाचित भइन् । सन् १९७१ को छैटौं लोकसभा निर्वाचनमा भने भारतीय जनसंघबाट हजारीबागमा प्रतिस्पर्धा गर्दा कांग्रेसका दामोदर पाण्डेसँग पराजित भइन् । चारपटक चुनाव लडेकी उनले तीनपटक जित हासिल गरिन् ।

तस्बिर : पति राजा कामख्यानारायण सिंह बहादुरसँग ललिता राज्यलक्ष्मी राणा ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com **मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.**

उदाउँदो सूर्यलाई अर्घ्य दिँदै सकियो छठ

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, ३० कात्तिक

तपस्या, निष्ठा र सूर्य उपासनाको महापर्व छठ विधिपूर्वक सम्पन्न भएको छ । चार दिनसम्म विभिन्न विधि पूरा गर्दै मनाइने यस पर्वको अन्तिम दिन सोमबार बिहान व्रतालुहरूले नदी, पोखरी तथा जलाशयका किनारमा पुगेर उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गरेसँगै छठ पर्व सम्पन्न भएको हो ।

कार्तिक शुक्ल चतुर्थी देखि सप्तमीसम्म मनाइने यस पर्वको मुख्य दिन आइतबार साँझ अस्ताउँदो सूर्यलाई अर्घ्य अर्पण गरिएको थियो भने सोमबार बिहान उदाउँदो सूर्यलाई अर्घ्य दिएसँगै चारदिने अनुष्ठान विधिवत् रूपमा सम्पन्न भएको हो । बिहानैदेखि देशका विभिन्न नदी तथा जलाशयका किनारमा श्रद्धालु भक्तजनको ठुलो भिड लागेको थियो । विशेषगरी तराई-मधेशका जनकपुरधाम, वीरगन्ज, रौतहट र विराटनगरलगायत क्षेत्रमा पोखरी तथा



घाटहरूलाई भव्य रूपमा सजाइएको थियो। ती स्थानमा हजारौं व्रतालुले भक्तिभावका साथ उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गरेका थिए ।

छठ पर्वलाई शुद्धता, सद्भाव र सामाजिक एकताको प्रतीकका रूपमा लिइन्छ । निराहार र निर्जला व्रत बसेका व्रतालुहरूले बाँसका टोकरी र सुपमा ठेकुवा, फलफूल, उखु, कागतीलगायत सामग्री सजाएर सूर्यदेव र छठी माताको पूजा-आराधना गरेका थिए । उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गरेपछि व्रतालुहरूले ३६ घण्टाभन्दा लामो कठोर उपवास समाप्त गर्दै व्रतको पारयण गरेका छन् ।

केही वर्षयता छठ पर्व तराई-मधेसमा मात्र सीमित नरही राजधानी काठमाडौं उपत्यका तथा पहाडी जिल्लाहरूमा समेत व्यापक रूपमा मनाउन थालिएको छ । यस पर्वले विभिन्न जातजाति र समुदायबीच आपसी सद्भाव, भाइचारा र सांस्कृतिक एकतालाई थप मजबुत बनाएको बुद्धिजीवीहरूको भनाइ छ । पर्वका अवसरमा नदी किनार तथा घाटहरूमा सुरक्षा व्यवस्था कडा पारिएको थियो भने विभिन्न स्थानीय समितिहरूले भक्तजनको सुविधाका लागि आवश्यक प्रबन्ध मिलाएका थिए ।

सूर्य उपासनाबाट परिवारमा सुख, शान्ति, समृद्धि र दीर्घायु प्राप्त हुनुका साथै रोगव्याधिबाट मुक्ति मिल्ने जनविश्वास रहिआएको छ । उदाउँदो सूर्यलाई अर्घ्य अर्पण गरेसँगै छठका घाटहरूमा भक्तजनहरूले हर्षोल्लासका साथ शुभकामना आदानप्रदान गर्दै प्रसाद ग्रहण गरेका थिए ।

सवारी नियम उल्लंघन गर्ने झन्डै १३ हजार चालक कारबाहीमा



काठमाडौं/मस-काठमाडौं उपत्यकामा ट्राफिक नियम उल्लंघन गर्ने १२ हजार ९६७ जना सवारी चालक गएको महिनामा कारबाहीमा परेका छन् ।

काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार कारबाहीमा पर्नेमा सबैभन्दा बढी मादक पदार्थ सेवन (मापसे) गरी सवारीसाधन चलाउने छन् ।

कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार यही कात्तिक १ गतेदेखि २९ गते सम्म मादकपदार्थ सेवन गरी सवारी चलाउने दुई हजार ८९२ जना र लागुपदार्थ सेवन (लापसे) गरी सवारी चलाउने ७८ जना चालक कारबाहीमा परेका हुन् ।

प्रहरीले मादकपदार्थ तथा लागुपदार्थ सेवन गरी सवारीसाधन चलाउँदा सडक दुर्घटनाको जोखिम बढ्ने भएकाले त्यस्ता गतिविधि नियन्त्रणका लागि नियमित जाँच तथा निगरानी गर्दै आएको छ ।

मादकपदार्थ वा लागुपदार्थ सेवन गरी सवारीसाधन चलाउन कानुनले निषेध गरेको छ । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा प्रचलित कानुनी व्यवस्थाअनुसार मापसे र लापसे गरी सवारी चलाउने चालकलाई कारबाही गर्ने व्यवस्था छ ।

प्रहरीले सवारी चालकलाई ट्राफिक नियमको पूर्ण पालना गर्न तथा मादकपदार्थ र लागुपदार्थ सेवन गरी सवारीसाधन नचलाउन आग्रह गरेको छ ।

शंकास्पद दुईवटा गाडीसहित एकजना पक्राउ

विनोद निगम/मध्यान्ह
नवलपरासी, ३० कात्तिक

पश्चिम नवलपरासीमा पुरानो गाडी बिक्री गर्ने बहानामा शंकास्पद कारोबार गरेको आरोपमा प्रहरीले दुईवटा सवारीसाधनसहित एक जनालाई पक्राउ गरेको छ । गाडी बिक्रीका लागि रकम लिए पनि नामसारी गर्न आनाकानी गर्दै अर्कै गाडीका कागजात उपलब्ध गराएपछि सवारीसाधनको पहिचानमै कैफियत भेटिएको हो ।

पक्राउ पर्नेमा रामग्राम नगरपालिका-१४ कुइयाँ घर भई हाल बर्दघाट नगरपालिका-४ बाढीपीडित क्षेत्रमा बस्दै आएका ३६ वर्षीय विजय हरिजन रहेका छन् ।

जिल्ला प्रहरी कार्यालय नवलपरासीका अनुसार हरिजन र बर्दघाट नगरपालिका-९ भुताहा निवासी ४८ वर्षीया दुर्गा गुरुङबीच बा.११ च. ८१९५ नम्बरको सुजुकी स्विफ्ट डिजायर गाडी १२ लाख रुपैयाँमा खरिद-बिक्री गर्ने सहमति भएको थियो । सोही सहमतिअनुसार गुरुङले पटक-पटक गरी हरिजनलाई ६ लाख ५० हजार रुपैयाँ बुझाइसकेकी थिइन् ।

बाँकी रकम बुझाएर गाडी आफ्नो नाममा नामसारी गरिदिन आग्रह गर्दा हरिजनले उक्त गाडी पास गर्न नमिल्ने बताएपछि शंका उत्पन्न भएको थियो । त्यसपछि उनले बा.१५ च. ५१८१ नम्बरको रातो रङको हुन्डाई आई-१० गाडी र त्यससँग सम्बन्धित कागजात उपलब्ध गराएको प्रहरीको भनाइ छ ।

तर, गाडी र त्यसका कागजात जाँच गर्दा सवारी दर्ता किताबमा उल्लेख भएको इन्जिन तथा च्यासिस नम्बर वास्तविक सवारी साधनमा रहेको नम्बरभन्दा फरक भेटिएको थियो । सवारीसाधनको पहिचान खुलाउने महत्वपूर्ण विवरणमै फरक देखिएपछि गुरुङले उक्त गाडी चोरीको हुन सक्ने आशंका गर्दै इलाका प्रहरी कार्यालय बर्दघाटमा जानकारी गराएकी थिइन् । उक्त सूचनापछि प्रहरीले हरिजनलाई दुवै सवारीसाधनसहित नियन्त्रणमा लिएको हो ।

युएई र कुवेतमा रोजगार कम्पनी: ROTARY ENGINEERING PTE LTD - ABU DHABI पूर्व स्वीकृत मितिः २०८३/०७/२४ चलानी नं.: ६०२६३४७ शहर: ABU DHABI LT. No.:350397

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	SCAFFOLDER	100	0	स. कामना दक्ष	1500	६१४५५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

कम्पनी: AL WASL ALKUWAITIYA COMPANY FORDELIVERY OF CONSUMER ORDERS पूर्व स्वीकृत मितिः २०८२/०५/१३ चलानी नं.: ६०२४४०३५ LT. No.:330259 शहर: KUWAIT पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Car Driver Light	15	0	स. कामना दक्ष	140	६८२७१	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ८ गते (24 November 2026) मा हुनेछ ।

स्वइच्छा मर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति तान्ने	विइच्छा मर्ने मेडिकलको खर्च कसले व्यहोर्ने	स्वइच्छा मरिने म्याद जीवन बिमा कसले व्यहोर्ने/कति तान्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति तान्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कसले व्यहोर्ने	भिसा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तान्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तान्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	रु. १०,००० सुरुमा रु. ५०,००० पुर्याउन थप शुल्क कर्तव्यमा रु. ५०,०००

वैदेशिक रोजगार बिभागबाट जरुरतको जानकारी :- १. आफ्नो मामला बिना प्राप्त भईसके विदिसत भएपछि माग कम्पनीमा थई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक मिसनको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला । आफू कहिलेसम्म पर्खा सम्पर्क गर्न सकिने हुन्छ । ३. यस विज्ञापन (श्रम्ना) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगेमुनेछ । ४. विदेश जान अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जान अघि आफ्नो जान मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानेरार राम्रोसँग पढेर मात्र सम्पतिमा पक्षमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना बिज्ञ जाउँ भनेकाले बिमालम्बन प्रयोग गर्नु होला, अन्यथा दलित सम्बन्धमा हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार बिभाग, सातदोबाटा सम्पर्क गर्नु होला ।

Govt. Lic. No.: 1123/073/074
S.R. Group HR Consultancy Pvt. Ltd.
Address: Simmangal-9, Kathmandu | Tel : 01-4110700
Mob.: 9841516281 (Phadindra Bikram Thapa) | Web.: www.srgroupsa.com

कुवेतमा रोजगार कम्पनी : WARBA CARPENTRY FACTORY पूर्व स्वीकृत मितिः २०८२/०८/२१ चलानी नं.: ६०२४८५५७ शहर: KUWAIT पुन विज्ञापन L.T. No.: 334930

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cook	2	0	सम्बन्धित कामना दक्ष	150	७३१४७	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Finishing Carpenter	48	0		120	५८५१८							
3.	Indoor Helper	17	0		90	४३८८८							
4.	Light Drivers	17	0		135	६५८३२							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ८ गते (24 November 2026) मा हुनेछ ।

स्वइच्छा मर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति तान्ने	विइच्छा मर्ने मेडिकलको खर्च कसले व्यहोर्ने	स्वइच्छा मरिने म्याद जीवन बिमा कसले व्यहोर्ने/कति तान्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति तान्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कसले व्यहोर्ने	भिसा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तान्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तान्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	रु. १०,०००

वैदेशिक रोजगार बिभागबाट जरुरतको जानकारी :- १. आफ्नो मामला बिना प्राप्त भईसके विदिसत भएपछि माग कम्पनीमा थई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक मिसनको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला । आफू कहिलेसम्म पर्खा सम्पर्क गर्न सकिने हुन्छ । ३. यस विज्ञापन (श्रम्ना) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगेमुनेछ । ४. विदेश जान अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जान अघि आफ्नो जान मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानेरार राम्रोसँग पढेर मात्र सम्पतिमा पक्षमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना बिज्ञ जाउँ भनेकाले बिमालम्बन प्रयोग गर्नु होला, अन्यथा दलित सम्बन्धमा हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार बिभाग, सातदोबाटा सम्पर्क गर्नु होला ।

R. B. OVERSEAS PVT. LTD. Lic No. 772/065/066
Samakhushi, Kathmandu, Tel.: 01- 4971215, 4971043,
Tulasi Contact No : 9801039447 Email : rboverseasnepal@gmail.com

मलेसियामा रोजगार कम्पनी : HTMALTEC CONSULTANTS SDN BHD पूर्व स्वीकृत मितिः २०८३/०१/११ चलानी नं.: ६०२५४४३२ शहर: MALAYSIA L.T. No.:341081 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners (Male)	10	0	स. कामना दक्ष	1700	६२५५४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

कम्पनी : MCS SERVICES SDN. BHD. पूर्व स्वीकृत मितिः २०८३/०१/30 चलानी नं.: ६०२५५४०५ LT. No.:342053 शहर: MALAYSIA पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaners (Male)	10	0	स. कामना दक्ष	1700	६२५५४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ८ गते (24 November 2026) मा हुनेछ ।

स्वइच्छा मर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति तान्ने	विइच्छा मर्ने मेडिकलको खर्च कसले व्यहोर्ने	स्वइच्छा मरिने म्याद जीवन बिमा कसले व्यहोर्ने/कति तान्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाइ टिकट कसले दिने र कति तान्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिसा शुल्क कसले व्यहोर्ने	भिसा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति तान्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति तान्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. २४९६ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,४०० कामदारले	बि:शुल्क

वैदेशिक रोजगार बिभागबाट जरुरतको जानकारी :- १. आफ्नो मामला बिना प्राप्त भईसके विदिसत भएपछि माग कम्पनीमा थई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक मिसनको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला । आफू कहिलेसम्म पर्खा सम्पर्क गर्न सकिने हुन्छ । ३. यस विज्ञापन (श्रम्ना) मा उल्लेख भएको भन्दा बढी रकम कतैबाट माँगेमुनेछ । ४. विदेश जान अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जान अघि आफ्नो जान मुलुक, काम दिने कम्पनी, पाउने तेवा तथा सुविधा र अन्य जानेरार राम्रोसँग पढेर मात्र सम्पतिमा पक्षमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. कामना बिज्ञ जाउँ भनेकाले बिमालम्बन प्रयोग गर्नु होला, अन्यथा दलित सम्बन्धमा हुन्छ । ७. यस बिज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार बिभाग, सातदोबाटा सम्पर्क गर्नु होला ।

THREE BROTHERS HUMAN RESOURCE PVT. LTD. श्रम ईजाजत पत्र नं. ०१२/०१४/०१५
बतिसपुतली-४, काठमाडौं, फोन नं. ०१-४५६५३८४, अलिना बस्नेत सम्पर्क नं. ९८२३३३३५७७, E-mail: threebrothershrrec@gmail.com

Nepal Automobile Importers and Manufacturers Association (NAIMA)
Address: SAN Complex- 1st Floor, Kamalpokhari, Kathmandu, Nepal | Contact Number: +977-1-4534079 | E-mail: info@naimanepal.org | www.naimanepal.org
सवारी तथा ढुवानी साधन आयात गर्ने कम्पनीहरूको अधिकतम खुद्रा मूल्य (MRP) सूची
MAXIMUM RETAIL PRICE (MRP) LIST OF VEHICLE AND TRANSPORT IMPORTER COMPANIES

Distributor's Name: **AGNI INCORPORATED PVT. LTD.**
Address: Panipokhari, Kathmandu | Contact Number: 01-4006711
EXIM Code: 3000455720112NP | VAT No: 300045572

S.N.	Vehicle Details	Shape/ Size	Brand	Model	Capacity	Country of Origin	Unit	Per Unit Cost	(MRP in NPR)
	SINGLE CAB								
1	MAHINDRA BOLERO CAMPER SC XL FB PS 2WD BSVI	S/C PICKUP	MAHINDRA	BOLERO CAMPER SC XL FB PS 2WD BSVI	2523	INDIA	1	2,745,000.00	2,745,000.00
2	MAHINDRA VEERO 1.6XXL SD V4 2WD BSVI	S/C PICKUP	MAHINDRA	VEERO 1.6XXL SD V4 2WD BSVI	1493	INDIA	1	2,830,000.00	2,830,000.00
3	MAHINDRA BOLERO CAMPER SC 4WD BSVI	S/C PICKUP	MAHINDRA	BOLERO CAMPER SC 4WD BSVI	2523	INDIA	1	2,965,000.00	2,965,000.00
4	MAHINDRA BOLERO MAXX PUP HD 1.7 LX 2WD BSVI	S/C PICKUP	MAHINDRA	BOLERO MAXX PUP HD 1.7 LX 2WD BSVI	2523	INDIA	1	2,995,000.00	2,995,000.00
5	MAHINDRA BOLERO MAXX PUP HD 2.0L SXi 2WD BSVI	S/C PICKUP	MAHINDRA	BOLERO MAXX PUP HD 2.0L SXi 2WD BSVI	2523	INDIA	1	3,295,000.00	3,295,000.00
	DOUBLE CAB								
6	MAHINDRA BOLERO CAMPER DC PS 2WD BSVI	D/C PICKUP	MAHINDRA	BOLERO CAMPER DC PS 2WD BSVI	2523	INDIA	1	3,375,000.00	3,375,000.00
7	MAHINDRA BOLERO CAMPER DC PS 4WD BSVI	D/C PICKUP	MAHINDRA	BOLERO CAMPER DC PS 4WD BSVI	2523	INDIA	1	3,635,000.00	3,635,000.00
8	MAHINDRA BOLERO CAMPER DC PS 4WD BSVI AC	D/C PICKUP	MAHINDRA	BOLERO CAMPER DC PS 4WD BSVI AC	2523	INDIA	1	3,900,000.00	3,900,000.00
9	MAHINDRA SCORPIO PIKUP DC 4WD S6 EVI	D/C PICKUP	MAHINDRA	SCORPIO PIKUP DC 4WD S6 EVI	2.2 Ltr	INDIA	1	5,485,000.00	5,485,000.00
10	MAHINDRA SCORPIO PIKUP DC 4WD S10 EVI	D/C PICKUP	MAHINDRA	SCORPIO PIKUP DC 4WD S10 EVI	2.2 Ltr	INDIA	1	5,820,000.00	5,820,000.00
	SUV TYPE VEHICLE								
11	MAHINDRA BOLERO NEO N8 MT 2WD BSVI 7STR	SUV	MAHINDRA	BOLERO NEO N8 MT 2WD BSVI 7STR	1493	INDIA	1	5,300,000.00	5,300,000.00
12	MAHINDRA SCORPIO CLASSIC S MT 2WD BSVI 7/9STR	SUV	MAHINDRA	SCORPIO CLASSIC S MT 2WD BSVI 7/9STR	2.2Ltr	INDIA	1	6,600,000.00	6,600,000.00
13	MAHINDRA SCORPIO N DIESEL Z4 2WD MT BSVI 7STR	SUV	MAHINDRA	SCORPIO N DIESEL Z4 2WD MT BSVI 7STR	2.2Ltr	INDIA	1	8,250,000.00	8,250,000.00
14	MAHINDRA SCORPIO N DIESEL Z4 4WD MT BSVI 7STR	SUV	MAHINDRA	SCORPIO N DIESEL Z4 4WD MT BSVI 7STR	2.2Ltr	INDIA	1	9,400,000.00	9,400,000.00
15	MAHINDRA SCORPIO N DIESEL Z8T 4WD MT BSVI 7STR	SUV	MAHINDRA	SCORPIO N DIESEL Z8T 4WD MT BSVI 7STR	2.2Ltr	INDIA	1	12,800,000.00	12,800,000.00
16	MAHINDRA SCORPIO N DIESEL Z8L 4WD AT BSVI 7STR	SUV	MAHINDRA	SCORPIO N DIESEL Z8L 4WD AT BSVI 7STR	2.2Ltr	INDIA	1	13,800,000.00	13,800,000.00
17	MAHINDRA XUV300 W8 PM MT 2WD BSVI 5STR	SUV	MAHINDRA	XUV300 W8 PM MT 2WD BSVI 5STR	1197	INDIA	1	5,750,000.00	5,750,000.00
18	MAHINDRA XUV3XO MX2 PM MT 2WD BSVI 5STR	SUV	MAHINDRA	XUV3XO MX2 PM MT 2WD BSVI 5STR	1198	INDIA	1	4,800,000.00	4,800,000.00
19	MAHINDRA XUV3XO MX2 PM AT 2WD BSVI 5STR	SUV	MAHINDRA	XUV3XO MX2 PM AT 2WD BSVI 5STR	1198	INDIA	1	5,500,000.00	5,500,000.00
20	MAHINDRA XUV3XO MX3 PM MT 2WD BSVI 5STR	SUV	MAHINDRA	XUV3XO MX3 PM MT 2WD BSVI 5STR	1198	INDIA	1	5,075,000.00	5,075,000.00
21	MAHINDRA XUV3XO AX5 PM MT 2WD BSVI 5STR	SUV	MAHINDRA	XUV3XO AX5 PM MT 2WD BSVI 5STR	1198	INDIA	1	5,765,000.00	5,765,000.00
22	MAHINDRA XUV700 AX5 MT PET FWD BSVI 7STR	SUV	MAHINDRA	XUV700 AX5 MT PET FWD BSVI 7STR	1997	INDIA	1	8,775,000.00	8,775,000.00
23	MAHINDRA XUV700 AX7L MT PET FWD BSVI 7STR	SUV	MAHINDRA	XUV700 AX7L MT PET FWD BSVI 7STR	1997	INDIA	1	10,500,000.00	10,500,000.00
24	MAHINDRA XUV700 AX7L AT PET FWD BSVI 7STR	SUV	MAHINDRA	XUV700 AX7L AT PET FWD BSVI 7STR	1997	INDIA	1	11,300,000.00	11,300,000.00
25	MAHINDRA XUV400 EL (O) 5STR	EV	MAHINDRA	XUV400 EL (O) 5 STR	110 KW	INDIA	1	5,250,000.00	5,250,000.00

अर्बिट इनर्जी लिमिटेड
काठमाडौं ।

तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३ मसिर ०१ गते

आदरणीय शेयरधनी महानुभावहरु,

यस अर्बिट इनर्जी लिमिटेडको मिति २०८३/०७/३० गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस अर्बिट इनर्जी लिमिटेडको तेस्रो वार्षिक साधारण सभा निम्न मिति, स्थान, र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न संचालन हुने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१.सभा हुने मिति, स्थान तथा समय :

मिति : २०८३ मसिंर २३ गते बुधबार तदनुसार (December 9, 2026)

स्थान : कम्पनी रजिष्ट्रड कार्यालय काठमाडौं

समय : बिहान ठिक ९:०० बजे

२. सभामा छलफल गरिने प्रस्तावहरु:

क) सामान्य प्रस्तावहरु :

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे,

२) लेखापरिक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको वासलात, तथा सोही मितिमा समाप्त आ.व. २०८२/०८३ को नाफा नोक्सान हिसाब, शेयर पूँजीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अन्य अनुसूचिहरु उपर छलफल गरि पारित गर्ने बारे,

३) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व.२०८३/०८४ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षकको नियुक्ति गर्ने तथानिजको पारिश्रमिक निर्धारण गर्ने बारे,

ख) विशेष प्रस्तावहरु :

१) संचालकहरुको सेवा सुविधा सम्बन्धमा,

२) सर्व साधारणका लागि छुट्याइएको शेयर (IPO) जारी गर्ने सम्बन्धमा,

३) सार्वसधारणका लागि छुट्याइएको शेयर (IPO) जारी गर्ने सम्बन्धमा नियमनकारी निकायहरुबाट प्रबन्धपत्र तथा नियमावली संशोधन लगायत कुनै पनि किसिमको फेरबदल, संशोधन एवं थपघट सम्बन्धी कुनै निर्देशनहरु प्राप्त भएमा सोही बमोजिम संशोधन, फेरबदल एवं थपघट गर्न संचालक समिति वा संचालक समितिले तोकेको प्रतिनिधिलाई आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्ने बारे,

४) कम्पनीको चुक्ता पूँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकम भन्दा बढी हुनेगरि कर्जा लिन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने बारे,

ग) विविध :

अध्यक्षको आज्ञाले
कम्पनी सचिव

ह्याविट्याट पावर कम्पनी लिमिटेड
काठमाडौं ।

चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३ मसिर ०१ गते

आदरणीय शेयरधनी महानुभावहरु,

यस ह्याविट्याट पावर कम्पनी लिमिटेडको मिति २०८३/०७/३० गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार यस ह्याविट्याट पावर कम्पनी लिमिटेडको चौथो वार्षिक साधारण सभा निम्न मिति, स्थान, र समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न संचालन हुने भएको हुँदा कम्पनी ऐन २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१.सभा हुने मिति, स्थान तथा समय :

मिति : २०८३ मसिंर २२ गते मंगलबार तदनुसार (December 8, 2026)

स्थान : कम्पनी रजिष्ट्रड कार्यालय काठमाडौं

समय : दिउँसो ठिक ३:०० बजे

२. सभामा छलफल गरिने प्रस्तावहरु:

क) सामान्य प्रस्तावहरु :

१) संचालक समितिका तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आ.व.२०८२/०८३ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे,

२) लेखापरिक्षकको प्रतिवेदन सहित २०८३ आषाढ मसान्तको वासलात, तथा सोहीमितिमा समाप्त आ.व. २०८२/०८३ को नाफा नोक्सान हिसाब, शेयर पूँजीमा भएको परिवर्तन, नगद प्रवाह विवरण लगायत सो सँग सम्बन्धित अन्य अनुसूचिहरु उपर छलफल गरि पारित गर्ने बारे,

३) कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व.२०८३/०८४ को लेखापरिक्षण गर्नको लागि लेखापरिक्षकको नियुक्ति गर्ने तथानिजको पारिश्रमिक निर्धारण गर्ने बारे,

ख) विशेष प्रस्तावहरु :

१) संचालकहरुको सेवा सुविधा सम्बन्धमा,

२) सर्व साधारणका लागि छुट्याइएको शेयर (IPO) जारी गर्ने सम्बन्धमा,

३) सार्वसधारणका लागि छुट्याइएको शेयर (IPO) जारी गर्ने सम्बन्धमा नियमनकारी निकायहरुबाट प्रबन्धपत्र तथा नियमावली संशोधन लगायत कुनै पनि किसिमको फेरबदल, संशोधन एवं थपघट सम्बन्धी कुनै निर्देशनहरु प्राप्त भएमा सोही बमोजिम संशोधन, फेरबदल एवं थपघट गर्न संचालक समिति वा संचालक समितिले तोकेको प्रतिनिधिलाई आवश्यक सम्पुर्ण अख्तियारी प्रदान गर्ने बारे,

४) कम्पनीको चुक्ता पूँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकम भन्

मध्यान्ह दैनिक
www.madhyanhadaily.com

‘बाटुलो जून’को कमाइ ५ करोड ७५ लाख नाघ्यो

काठमाडौं/मस– भुवन केसीको निर्देशनमा बनेको नेपाली चलचित्र ‘बाटुलो जून’ले प्रदर्शनको सुरुआती दिनदेखि नै बक्स अफिसमा राम्रो व्यापार गरिरहेको छ । प्रदर्शनमा आएको पाँच दिनमै फिल्मले नेपालमा ५ करोड ७५ लाख रुपैयाँभन्दा बढी कमाइ गरेको निर्माण पक्षले जनाएको छ ।

निर्माण कम्पनीले सामाजिक सञ्जालमार्फत फिल्मको पाँच दिनको कमाइ सार्वजनिक गर्दै यो उपलब्धि हासिल भएको जानकारी दिएको हो । निर्माण टिमका अनुसार सिक्वेल नभएका नेपाली चलचित्रमध्ये पाँच दिनमा गरेको यो कमाइ नयाँ रेकर्ड हो ।

फिल्मले प्रदर्शनको पहिलो दिनदेखि नै दर्शकको उत्साहजनक साथ पाइरहेको छ । विशेषगरी अभिनेता



अनमोल केसीको अभिनयलाई लिएर दर्शकमाझ चासो बढेको छ । फिल्मप्रति आकर्षण बढेसँगै कतिपय हलमा टिकट पाउनसमेत कठिन भएको निर्माण पक्षले जनाएको छ ।

उत्साहजनक व्यापारबाट खुसी बनेको निर्माण टिमले दर्शकप्रति आभार व्यक्त गरेको छ । सामाजिक सञ्जालमार्फत फिल्मलाई माया गर्ने र सफलतामा साथ दिने सबैप्रति धन्यवाद दिँदै निर्माण पक्षले फिल्मको यात्रा अझै जारी रहेको उल्लेख गरेको छ ।

फिल्ममा जिया केसी र भविष्य खड्का निर्माता तथा विवेक थापा सहनिर्माताका रूपमा रहेका छन् । यसको पटकथा सामीप्यराज तिमल्सेना र सरिन पोखरेलले लेखेका हुन् ।

सुरुआती पाँच दिनमै ५ करोड ७५ लाख रुपैयाँभन्दा बढी कमाइ गरेपछि ‘बाटुलो जून’को आगामी व्यावसायिक यात्रालाई लिएर दर्शकमाझ चासो बढेको छ । अबका दिनमा फिल्मले आफ्नो कमाइलाई कुन उचाइसम्म पुऱ्याउँछ भन्ने प्रतीक्षा गरिएको छ ।

सुनीलले ल्याए ‘ढाँट्या भए मै मरिजाउँला’



काठमाडौं/मस– नेपाली सांगीतिक क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउँदै आएका गायक सुनिल थापा मगरको नयाँ गीत ‘ढाट्या भए मै मरि जाउला’ को म्युजिक भिडियो हालै सार्वजनिक भएको छ । प्रेम, विश्वास र भावनात्मकतालाई समेटिएको यस गीतले सार्वजनिक भएसँगै दर्शक तथा श्रोतामाझ चर्चा बटुल्न थालेको छ ।

इन्द्रजित भुलको शब्द रचना तथा खेम सारु मगरको संगीत रहेको गीतमा गायक सुनिल थापा मगर र गायिका सङ्गिता मसरङ्गी मगरको सुमधुर स्वर रहेको छ । प्रेम सम्बन्धभित्रका भावना, समर्पण र संवेदनालाई कलात्मक रूपमा प्रस्तुत गरिएको गीतको संगीत संयोजनले पनि श्रोताको ध्यान आकर्षित गरेको छ ।

गीतको म्युजिक भिडियो नेपालको पर्यटकीय गन्तव्य मुस्ताङ जिल्लाका रमणीय तथा आकर्षक स्थानहरूमा छायांकन गरिएको हो । मुस्ताङको प्राकृतिक सौन्दर्य, मनमोहक दृश्य र आकर्षक लोकेसनले भिडियोको दृश्यलाई थप सुन्दर बनाएको छ ।

भिडियोमा विशाल जेबी र अस्ट्रिना लामाले अभिनय गरेका छन् । उनीहरूको अभिनयमार्फत प्रेमकथालाई जीवन्त रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । भुपेन्द्र रिखाम मगरको कोरियोग्राफी रहेको म्युजिक भिडियोको छायांकन तथा निर्देशन एकान्त मगरले गरेका हुन् ।

त्यस्तै, खेम सारु मगरले प्रोडक्सन म्यानेजरको जिम्मेवारी सम्हालेका छन् भने अनुपमा रोका मगरको प्रोडक्सन रहेको छ । भिडियोमा प्रमिला लोप्चन तामाङले शृंगारको जिम्मेवारी निर्वाह गरेकी छन् ।

अलंकार स्टुडियोमा रेकर्ड गरिएको गीतमा विशाल निरौलाको एरेन्ज रहेको छ । रञ्जन राईले गीतको रेकर्डिङ, मिक्सिङ तथा मास्टरिङ गरेका हुन् ।

प्रेमिल भाव, कर्णप्रिय संगीत, सुमधुर स्वर र मुस्ताङका आकर्षक दृश्यहरूको संयोजन रहेको ‘ढाँट्या भए मै मरिजाउँला’ ले नेपाली सांगीतिक क्षेत्रमा आफ्नो छुट्टै छाप छोड्ने अपेक्षा गरिएको छ ।

Saudi मा रोजगार कम्पनी : Massadr Human Resources Services Company. शहर: Saudi
पूर्व स्वीकृत मिति: २०८३/०७/२६ चलानी नं.: ६०२६३४२५ L.T. No.: 350269

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Construction Worker	50	0	स. कामना दक्ष	1000	४०१००	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ८ गते (24 November 2026) मा हुनेछ ।

स्वईशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वईशमा गरिने म्याद् जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | निशा शुल्क कसले व्यहोर्ने | निशा स्टयाम्पीड शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २४९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,३०० कामदारले | नि:शुल्क

मेडिकल रोजगार बिमालगायत मरुदण्डको जानकारी :- १. आफ्नो नाममा निशा प्राप्त भईसके निशिवत भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रोक्को नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतिपनि माग्दिनुहोला । ४. विदेश जानु अघि अनिवार्यरुपमा वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नो मृत्यु, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य जानकार राखीसेवि पछेर मात्र सम्पनीमा पठाना हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसंग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै बिमालयबाट प्रमोद गर्नु होला, अन्यथा दलिने सम्पनाना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा मेडिकल रोजगार बिमान, साहायालय सम्पर्क गर्नु होला ।

सुगम ओभरसिज प्रा. लि. इजाजत पत्र नं. ८३८/०७९/०७७
सामाखुसी (रिङ्गरोड), काठमाडौं, फोन: ४४८६१०६, ४४८७१८३, मो: ९८४५९८६५४३, ९८५३४९२७५५
+977 985-1039171 (Deepak Sharma) , Email: info.sugam1@gmail.com | Web : www.sugamoverseas.com.np

युएईमा रोजगार कम्पनी: TONY STEPHEN TECHNICAL SERVICES L.L.C शहर: UAE,DUBAI
पूर्व स्वीकृत मिति: २०८३/०७/३० चलानी नं.: ६०२६३४५० LT. No.: 350364

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Welder Assistant	2	0	सम्बन्धित कामना दक्ष	1200	४५१६४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Electrician Assistant	2	0		1200	४५१६४							
3.	Tile Polisher	7	0		1500	४५१६४							
4.	Reinforcing Assistant	4	0		1200	४५१६४							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ८ गते (24 November 2026) मा हुनेछ ।

स्वईशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वईशमा गरिने म्याद् जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | निशा शुल्क कसले व्यहोर्ने | निशा स्टयाम्पीड शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २४९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,३०० कामदारले | नि:शुल्क

मेडिकल रोजगार बिमालगायत मरुदण्डको जानकारी :- १. आफ्नो नाममा निशा प्राप्त भईसके निशिवत भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रोक्को नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतिपनि माग्दिनुहोला । ४. विदेश जानु अघि अनिवार्यरुपमा वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नो मृत्यु, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य जानकार राखीसेवि पछेर मात्र सम्पनीमा पठाना हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसंग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै बिमालयबाट प्रमोद गर्नु होला, अन्यथा दलिने सम्पनाना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा मेडिकल रोजगार बिमान, साहायालय सम्पर्क गर्नु होला ।

PRINCE INTERNATIONAL EMPLOYMENT SERVICE PVT. LTD. Govt. Lic. No. 435/060/061
Samakhusi- 26, Kathmandu, Nepal. Tel.: +977- 01-43876550, 9808735410(KIRAN)
Email:- info@employmentprince.com.np, website: www.employmentprince.com.np.

युएईमा रोजगार कम्पनी:DUBAI AUTO GALLERY LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८२/०१/२८ चलानी नं.: ६०२५०४७६ LT. No.: 334913 पुन विज्ञापन

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रू.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cashier	1	0	सम्बन्धित कामना दक्ष	2500	१०२४२५	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Messenger	0	2		2000	८१५४०							
3.	Sales Officer/Commercial Sales	0	2		1600	६५५५२							
4.	Vehicle Assembler	2	0		2000	८१५४०							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८३ मंसिर ८ गते (24 November 2026) मा हुनेछ ।

स्वईशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वईशमा गरिने म्याद् जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | निशा शुल्क कसले व्यहोर्ने | निशा स्टयाम्पीड शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने
कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २४९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,३०० कामदारले | नि:शुल्क

मेडिकल रोजगार बिमालगायत मरुदण्डको जानकारी :- १. आफ्नो नाममा निशा प्राप्त भईसके निशिवत भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रोक्को नेपाली कूटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हर सामना राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कतिपनि माग्दिनुहोला । ४. विदेश जानु अघि अनिवार्यरुपमा वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफ्नो मृत्यु, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य जानकार राखीसेवि पछेर मात्र सम्पनीमा पठाना हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसंग राख्नु होला । ६. कामना विदेश जाउँदा नेपालकै बिमालयबाट प्रमोद गर्नु होला, अन्यथा दलिने सम्पनाना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा मेडिकल रोजगार बिमान, साहायालय सम्पर्क गर्नु होला ।

RAPID INTERNATIONAL PVT.LTD.
